राष्ट्रिय 'क' वर्गको पत्रिका

नेपाल सम्वत् ११४६
चैत कृष्ण त्रयोदशी

www.missiontodaynews.com

'सूचनामा तपाईंसँगको साझेदारी'

# मिसन टुडे

राष्ट्रिय दैनिक

काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित

वर्ष : १६ | अंक २५६ | पृष्ठ ८ | मंगलबार ३ चैत २०८२ | (TUESDAY 17 MARCH 2026) | मूल्य रु. १०




## समानुपातिकतर्फ निर्वाचित सांसदको नाम सार्वजनिक



**मिसन संवाददाता**
*काठमाडौं, २ चैत*

निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ कानुनअनुसार तोकिएको 'क्लष्टर'बमोजिम निर्वाचित ११० सांसदको सूची सार्वजनिक गरेको छ । सार्वजनिक सूचीअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट समानुपातिक निर्वाचन प्रणालीतर्फ ५७ सांसद निर्वाचित भएका छन् ।

यसैगरी नेपाली कांग्रेसबाट २०, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिवादी) बाट १६, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट नौ, श्रम संस्कृति पार्टी र राप्रपाले चार/चार जना सांसद निर्वाचित भएको आयोगका सचिव एवं समानुपातिकतर्फका निर्वाचन अधिकृत कृष्णबहादुर राउतले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

रास्वपाबाट समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित हुनेहरूमा प्रतिभा रावल, रचना खतिवडा खत्री, लिमा अधिकारी आचार्य, विदुषी राणा, समीक्षा बाँस्कोटा, श्रद्धा कुँवर क्षेत्री, टीका संग्रौला, क्रान्तिशिखा धिताल, आकृति अवस्थी, सृष्टि भट्टराई, मञ्जु भुषाल, प्रभा कार्की, शोभा खनाल, रत्नाकुमारी थापा, ज्ञानु पौडेल, प्रभाव ढकाल, रमेश प्रसाईं, गीता चौधरी, करिश्मा कठरिया, सुरेन्द्र चौधरी, प्रेमलाल चौधरी, पुनमकुमारी अग्रवाल, निशा मेहता, ललिता कुमारी, अंकिता ठाकुर, सरिता महतो, कामिनी कुमारी, सुनिताकुमारी चौधरी, पुरुषोत्तम शुप्रभात यादव, खगेन्द्र कर्ण, समिना मियाँ, अफ्सना बानु, गजाला शमीम मिकरानी, रिमा विश्वकर्मा, अमृता विक र सीता बादी रहेका छन् ।

यस्तैगरी स्मृति सेन्चुरी, सुष्मा स्वर्णकार (डिम्पल), तारा विश्वकर्मा, खिमा विक, प्रकाशचन्द्र दर्जी, बसुमाया तामाङ, गंगा छन्त्याल, सुम्निमा उदास, अनुष्का श्रेष्ठ, ओजश्वी शेरचन, सिर्जना श्रेष्ठ, रजनी श्रेष्ठ, कुशुम महर्जन, भूमिका श्रेष्ठ, प्रमिला कुलूजु, सुजाता तामाङ, कृपा महर्जन, एलिजा गुरुङ, राम लामा, खुश्बुसरकार श्रेष्ठ र मिङमा ग्याबु शेर्पा समानुपातिक सूचीबाट सांसद बनेका हुन् ।

नेपाली कांग्रेसबाट सांसद बन्नेहरूमा भीष्मराज आङ्देम्बे, मदनकृष्ण श्रेष्ठ, गीताकुमारी सेन्दाङ, गंगालक्ष्मी अवाल, गीता गुरूङ, रेनुका काउचा, अर्जुननरसिंह केसी, कालिबहादुर सहकारी, सुशीला ढकाल आचार्य, रूक्मिणीदेवी कोइराला, रिना उप्रेती, सीता थपलिया, प्रमिलाकुमारी गच्छदार, हरिनादेवी कामी, पवित्रा विक, मनमाया विक, चन्द्रमोहन यादव, निनुकुमारी कर्ण, रेखाकुमारी यादव र शाहजान खातुन रहेका छन् ।

नेकपा एमालेबाट भूमिका सुब्बा, गंगादेवी श्रेष्ठ, रामबहादुर थापा मगर, कुलभक्त शाक्य, पद्मा अर्याल, टुकाभद्रा हमाल, यशुदाकुमारी बराल, गुरूप्रसाद बराल, पुष्पराज कंडेल, कृपाराम राना, विष्णुमाया बिके ,नीता घतानी, रिंगला यादव, यशोधाकुमारी यादव, चन्द्रेश्वर मण्डल र साजिदा सिद्दीकी रहेका छन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट प्रमेश हमाल, बलावती शर्मा, परशुराम तामाङ, भीमकुमारी बुढा, प्रेमबहादुर बयक, जोगकुमार बर्बरिया यादव, पार्वती विक र गणेश विश्वकर्मा र निराशा चौधरी डगौरा सांसद बनेका छन् ।

श्रम संस्कृति पार्टीबाट पूर्ण लिम्बू, रुवीकुमारी ठाकुर, अम्बिकादेवी संग्रौला र राधिका रम्तेल (सार्की) सांसद बनेका छन् । राप्रपाबाट खुश्बु ओली, ताहिर अली, भरत गिरी र सरस्वती लामा समानुपातिकबाट सांसद बन्ने सूचीमा अटाएका छन् ।

निर्वाचित भएका उम्मेदवारहरूलाई बिहीबार बिहान साढे ११ बजे आयोग परिसरबाट प्रमाणपत्र वितरण गरिने कार्यक्रम रहेको आयोगले जानकारी दिएको छ । राजनीतिक दलहरूबाट

बाँकी दोस्रो पृष्ठमा...

## भूमिका श्रेष्ठ बनिन् सांसद बन्ने पहिलो पारलिंगी महिला

श्रेष्ठले लिंग परिवर्तन गरी महिलाको नाममा नागरिकता पाएकी हुन् । सन् २०१५ सालमा "अन्य' भनि लिंग वर्णन गरिएको राहदानी लिएर विदेश भ्रमण गर्ने पहिलो नेपाली बनेकी भूमिका श्रेष्ठ देशमा समलिंगी र तेस्रो लिंगी लगायतकाहरुको हक अधिकारका लागि वकालत गर्दै आएकी छन् । २०७७ सालमा सरकारले तेस्रो लिंगी भूमिका श्रेष्ठको नाम र लिंग परिवर्तन गर्न स्वीकृति दिएको दिएको थियो ।

**वीरेन्द्र जैसी**
*नेपालगन्ज, २ चैत*

राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फबाट तेस्रो लिंगी भूमिका श्रेष्ठलाई संसद्मा पुऱ्याएको छ । यससँगै नेपालको नीति निर्माणको सर्वोच्च अंग संघीय संसद्मा पहिलोपटक तेस्रो लिंगी महिलाको प्रतिनिधित्व भएको छ । यसअघि तेस्रो लिंगी समुदायबाट पहिलो संविधानसभामा सुनिलबाबु पन्त चुनिएका थिए । पन्त तेस्रो लिंगी पुरुष हुन् । भूमिकालाई रास्वपाले भने आदिवासी जनजाति क्लष्टरबाट आयोगमा सिफारिस गरेको थियो ।

श्रेष्ठले लिंग परिवर्तन गरी महिलाको नाममा नागरिकता पाएकी हुन् । सन् २०१५ सालमा 'अन्य' भनि लिंग वर्णन गरिएको राहदानी लिएर विदेश भ्रमण गर्ने पहिलो नेपाली बनेकी भूमिका श्रेष्ठ देशमा समलिंगी र तेस्रो लिंगी लगायतकाहरूको हक अधिकारका लागि वकालत गर्दै आएकी छन् । २०७७ सालमा सरकारले तेस्रो लिंगी भूमिका श्रेष्ठको नाम र लिंग परिवर्तन गर्न स्वीकृति दिएको दिएको थियो ।

जन्मको बेला पुरुष ठानिएकी भूमिकाले कैलाश श्रेष्ठको नामबाट २०६२ सालमा लिंगको विवरणमा पुरुष राखेर काठमाडौंबाट नागरिकता लिएकी थिइन् । तेस्रो लिंगको विवरण राखेर नागरिकता नपाइने त्यसबेलाको व्यवस्थाविरुद्ध सर्वोच्चमा रिट दायर

बाँकी दोस्रो पृष्ठमा...



### 'भूमिकाको महिला कोटाबाट संसद् प्रवेशले बहस माग गर्छ'

तेस्रो लिंगी समुदायको अधिकारको लागि अभियान चलाउँदै आएका संविधानसभा सदस्य सुनिलबाबु पन्तले भूमिकाको संसद् प्रवेशको खबरले ऐतिहासिक क्षण सिर्जना भएको बताएका छन् । उनले



सामाजिक सञ्जाल फेसबुक पेजमा आफ्नो धारणा सार्वजनिक गर्दै संविधानसभामा एसियाकै पहिलो समलिङ्गी सभासद्का रूपमा आफू सहभागी भएको र अब उक्त

बाँकी दोस्रो पृष्ठमा...

## मुख्यमन्त्रीलाई घुस लिएको आरोप लगाउने वन अधिकृत पक्राउ

**शेरबहादुर ऐर**
*कैलाली, २ चैत*

सुदूरपश्चिम प्रदेशको प्रशासनिक र राजनीतिक वृत्तमा अहिले एउटा घटनाले व्यापक चर्चा र बहस जन्माएको छ । वरिष्ठ डिभिजनल वन अधिकृत कृष्णदत्त भट्ट पक्राउ परेपछि सुदूरपश्चिम प्रदेश सरकार, प्रशासन र राजनीतिक दलहरूबीच नैतिकता, सुशासन र अभिव्यक्ति स्वतन्त्रताको विषयमा गम्भीर प्रश्नहरू उठेका छन् । मुख्यमन्त्रीमाथि घुस मागेको आरोप सार्वजनिक रूपमा लगाएको केही समयमै भट्ट पक्राउ परेपछि यो प्रकरण सामान्य प्रशासनिक विवादभन्दा बाहिर गएर राजनीतिक र नैतिक बहसको विषय बनेको छ ।

कैलाली प्रहरीले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय परिसरबाटै भट्टलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता डीएसपी योगेन्द्र तिमिल्सिनाका अनुसार मुख्यमन्त्रीका स्वकीय सचिव प्रयाज्ञ खनालले दिएको जाहेरीका आधारमा भट्टलाई विद्युतीय अपराधसम्बन्धी कसुरमा पक्राउ गरिएको हो । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।



घटनाको सुरुवात भने केही साताअघि भएको थियो । वरिष्ठ डिभिजनल वन अधिकृत कृष्णदत्त भट्टले आफूलाई सरुवा प्रक्रियासँग जोडेर पाँच लाख रूपैयाँ घुस मागिएको आरोप सार्वजनिक रूपमा लगाएका थिए । उनले आरोप लगाउँदै भनेका थिए कि सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहको तर्फबाट आफूलाई रकम मागिएको थियो ।

भट्टका अनुसार रकम नदिएको कारण आफूलाई नियमविपरीत सरुवा गरिएको थियो । उनले आफ्नो सरुवा प्रशासनिक प्रक्रिया र ऐनविपरीत भएको दाबी गर्दै न्यायिक मार्ग रोजेका थिए । प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको प्रमुख सचिवस्तरीय निर्णयअनुसार साउन ३० गते उनलाई पहलमानपुर सरुवा गरिएको थियो ।

तर भट्टले उक्त सरुवा निर्णय कानुनविपरीत भएको भन्दै उच्च अदालत दीपायलमा रिट निवेदन दायर गरे । अदालतले प्रारम्भिक सुनुवाइपछि सरुवाको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । यसले केही समयका लागि सरुवा प्रक्रिया रोकिएको थियो । केही समयपछि भने अदालतले दिएको अन्तरिम आदेश निष्क्रिय भएको बताइयो । त्यसपछि प्रदेश सरकारले भट्टलाई वन निर्देशनालयमा तानेको थियो । प्रशासनिक निर्णय र न्यायिक प्रक्रियाको यही उतारचढावबीच भट्टले सार्वजनिक रूपमा घुस मागिएको आरोप लगाएका थिए ।

उनको आरोप सार्वजनिक भएपछि प्रदेशको राजनीतिक वृत्तमा तरंग पैदा भयो । सरकारी कर्मचारीले प्रदेशको कार्यकारी प्रमुखमाथि घुस मागेको आरोप लगाउनु आफैँमा असाधारण घटना मानिन्छ । त्यसैले यसले प्रशासनिक संरचनाभित्रको पारदर्शिता र शक्ति सन्तुलनबारे प्रश्न उठायो ।

आरोप सार्वजनिक भएपछि मुख्यमन्त्री कमलबहादुर शाहले आफूले कुनै घुस नमागेको स्पष्ट पारेका छन् । उनले आफू निर्दोष रहेको दाबी गर्दै आरोपबारे निष्पक्ष छानबिन हुनुपर्ने बताएका छन् । मुख्यमन्त्री शाहले आरोपको सत्यता पत्ता लगाउन सम्बन्धित निकायलाई अनुसन्धान गर्न आग्रह गरेको जनाइएको छ । उनका अनुसार आफूविरुद्ध लगाइएका आरोपहरू तथ्यहीन र भ्रामक भएको दाबी गरिएको छ ।

प्रदेश सरकारका केही पदाधिकारीहरूले पनि आरोपलाई राजनीतिक उद्देश्यले प्रेरित गरिएको हुन सक्ने बताएका छन् । उनीहरूले सत्यतथ्य सार्वजनिक गर्ने कानुनी प्रक्रिया नै सबैभन्दा उचित माध्यम भएको बताएका छन् ।

तर भट्ट पक्राउ परेपछि घटनाले नयाँ मोड लिएको छ । मुख्यमन्त्रीमाथि आरोप लगाएको कर्मचारीलाई नै पक्राउ गरिएको घटनाले प्रदेशको राजनीतिक वृत्तमा

बाँकी दोस्रो पृष्ठमा...



# 'इन्स्पाइरिङ युथ'मा संघर्षले सुनाए साढे २ दर्जन गजल

**मिसन संवाददाता**
*नेपालगन्ज, २ चैत*

नेपालगन्जमा गजलकार कमल संघर्षको एकल गजल वाचन कार्यक्रम सम्पन्न भएको छ। बास नेपालले आयोजना गर्दै आएको युवा उत्प्रेरणाको कार्यक्रम इन्स्पाइरिङ युथको २३२औँ श्रृंखलामा गजलकार संघर्षको एकल गजल वाचन कार्यक्रम सम्पन्न भएको हो।

आफ्नो खस भाषाको पछिल्लो गजल संग्रह 'हियाका कुडा' लिएर आएका संघर्षले कार्यक्रममा खस भाषका गजलका साथै साढे दुई दर्जन बढी नेपाली गजल सुनाएका थिए। कार्यक्रममा सहभागी युवाहरूले संघर्षका आलोचनात्मक चेतनाले भरिएका र भावनात्मक गजलहरू सुनेर प्रभावित भएको प्रतिक्रिया दिएका थिए।




बास नेपालका केन्द्रीय अध्यक्ष शिवकुमार वर्माको अध्यक्षता तथा लुम्बिनी प्रदेशसभा सदस्य अम्बिका काफ्लेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाईंलगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि काफ्लेले साहित्य, कला र संस्कृतिको प्रवर्द्धनका लागि यस्ता कार्यक्रमहरू महत्वपूर्ण हुने बताइन्। बास नेपालको कार्यक्रम इन्स्पाइरिङ युथमा प्रेरणादायी व्यक्तिहरूबाट युवा उत्प्रेरणा गर्ने गरिँदै आएको आयोजक बास नेपालले जानकारी दिएको छ।


### अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (सिंगापुर) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COMMERCIAL WASHING MACHINE | FRONT LOADING | LG | CDG27RUOES | 10 KG | SOUTH KOREA | SET | NPR | 3,38,690/- | |
| 2 | COMMERCIAL WASHING MACHINE | FRONT LOADING | LG | CWG27MDOHS | 10.5 KG | SOUTH KOREA | SET | NPR | 5,86,490/- | |
| 3 | COMMERCIAL WASHING MACHINE | FRONT LOADING | LG | CWT29MDOHS | 15 KG | SOUTH KOREA | SET | NPR | 7,53,790/- | |
| 4 | LED TV | OLED | LG | OLED77C5 | 77 Inch | INDONESIA | SET | NPR | 11,97,090/- | |

विक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१


## पहिलो पृष्ठको बाँकी

### भूमिका...

भएको थियो। अदालतको आदेशका आधारमा गृह मन्त्रालयले महिला र पुरुषबाहेक अन्य व्यक्तिलाई पनि नागरिकता उपलब्ध गराउन परिपत्र पठाएको थियो। त्यसपछि भूमिकाले नाम र लिंग परिवर्तन गर्दै अन्यबाट महिलाको नागरिकता लिएकी थिइन्।

२२ वर्षअघि १७ वर्षको उम्मेरमा 'ब्लु डाइमन्ड सोसाइटी'मा संलग्न भएकी श्रेष्ठले उक्त संस्थामार्फत आफ्नो समुदायको हकअधिकारका लागि आवाज उठाउँदै आएकी छन्। श्रेष्ठ सन् २००८ मा नेपाली काँग्रेसको सदस्यता लिएर राजनीतिक यात्रा सुरु गरेकी थिइन्। यसपटक रास्वपामा आबद्ध भएकी उनलाई पार्टीले समानुपातिकबाट सांसद बनाएको हो।

११ वर्षको हुँदा आफू अरूभन्दा फरक छु भन्ने थाहा पाएको बताउने श्रेष्ठ सुरुमा आफ्नो पहिचान स्वकार्न आफैँलाई गाह्रो भएको बताउँछिन्। परिवारले पनि आफूलाई साथ दिएकोले सफल भएको उनले बताउने गरेकी छिन्।

श्रेष्ठलाई अमेरिकी विदेश मन्त्रालयद्वारा प्रदान गरिने अन्तर्राष्ट्रिय साहसी महिला पुरस्कार २०२२ पनि प्राप्त गरेकी थिइन्। अमेरिकी विदेश मन्त्रालयले उक्त पुरस्कार आफ्नो जीवन नै जोखिममा राखेर आफ्नो समुदायमा सकारात्मक परिवर्तन ल्याउनका लागि उल्लेखनीय साहस, आँट र नेतृत्वको प्रदर्शन गर्ने महिलाहरूलाई प्रदान गर्दै आएको छ। उक्त पुरस्कार सन् २०२१ मा एसिड आक्रमणविरुद्धकी अभियन्ता मुस्कान खातुनले पाएकी थिइन्।

### भूमिकाको...

समुदायबाट अर्को प्रतिनिधि संसद्मा पुग्नु सकारात्मक र स्वागतयोग्य विकास भएको बताएका छन्। 'भूमिका योग्य, सक्रिय र लामो समयदेखि समुदायको आवाज उठाउँदै आएकी अभियन्ता हुनुहुन्छ। त्यसका लागि उहाँलाई बधाई र सफल कार्यकालको शुभकामना,' उनले भनेका छन्।

यसका साथै भूमिकाको संसद्मा सहभागीता हुँदा महिला कोटाबाट भएकोमा भने उनले अन्य समूहबाटै सहभागिता हुनुपर्ने धारणा राखेका छन्। उनले भूमिकाको संसद् प्रवेशले 'महिला को हुन् ?' भन्ने बहस पनि माग गरेको धारणा छ। पन्तको उक्त स्टाटसको सम्पादित अंश :

'उहाँ (भूमिका) जन्मँदा छोराको रूपमा जन्म दर्ता भयो। प्रारम्भिक नागरिकतामा पनि 'पुरुष' उल्लेख थियो। पछि उहाँले नागरिकतामा तेस्रो लिंगी (अन्य) पहिचान प्राप्त गर्नुभयो र अन्तर्राष्ट्रिय यात्रामा पनि 'तेस्रो लिंगी' पहिचानसहित यात्रा गर्ने पहिलो नेपाली बन्नुभयो।

तर पछिल्ला वर्षहरूमा उहाँले आफूलाई 'म तेस्रा लिङ्गी होइन बरु पूर्ण महिला हुँ' भनेर महिला पहिचान गर्नु थाल्नु भयो र तत्कालीन गृहमन्त्री बालकृष्ण खाँडको सहयोगमा मन्त्रीपरिषद्को निर्णयद्वारा नागरिकता संशोधन गरी 'महिला'को नागरिकता लिन सफल हुनुभयो।

यही कारणले उहाँ अहिले संसद्मा महिला कोटाबाट प्रतिनिधित्व गर्दै हुनुहुन्छ। उहाँले रास्वपाको चुनावी अभियानमा भने आफूलाई तेस्रो लिङ्गी नै भनेर चुनाव प्रचार गर्नु भएको पाइएको छ। त्यसकारण भूमिका श्रेष्ठ सांसद बन्नु व्यक्तिगत रूपमा गौरवको विषय हो। तर यसले केही महत्वपूर्ण सार्वजनिक प्रश्नहरू पनि उठाएको छ।

क. महिला को हुन् ? जन्मँदै-हुर्कँदै महिला भएका व्यक्ति ? वा छोरा जन्मेका तर पछि आफूलाई महिला घोषणा गर्ने व्यक्ति ?

ख. यदि जन्मँदा छोरा भएका धेरै व्यक्तिहरू महिलाको पहिचान लिएर संसद्, सरकारी सेवा, सेना, खेलकुद जस्ता क्षेत्रमा महिला कोटाबाट प्रतिनिधित्व गर्न थाले भने त्यसको दीर्घकालीन प्रभाव के हुन्छ ?

ग. तेस्रो लिंगी (वा पारलिंगी) पहिचान भएका व्यक्तिहरूले महिलाको ठाउँ लिने कि आफ्नै प्रतिनिधित्वको ठाउँ बनाउने ?

घ. आफ्नै पहिचानको प्रतिनिधित्व किन नगर्ने ?

यदि भूमिका श्रेष्ठजस्ता व्यक्तिहरू वास्तवमै लैङ्गिक अल्पसंख्यक समुदायका प्रतिनिधि हुन् भने उनीहरूले महिलाको कोटाबाट होइन, तेस्रो लिंगी समुदायको प्रतिनिधित्वबाट संसद्मा जानु हुँदैन र ? यसरी महिला (वा पुरुष)को पहिचान नभई आफ्नै लैङ्गिक पहिचान लिएर गएको भए यसले समुदायको स्वतन्त्र राजनीतिक पहिचान निर्माण गर्न मद्दत गर्थ्यो। साथै, तेस्रो लिंगी व्यक्तिहरूको विशेष अधिकार र नीतिगत सवाल संसद्मा स्पष्ट रूपमा उठ्न सक्थ्यो साथै महिलाको प्रतिनिधित्व र लैङ्गिक अल्पसंख्यक प्रतिनिधित्वबीच अनावश्यक टकराव हुने थिएन प्रतिनिधित्व र अधिकारलाई लिएर।

आज हाम्रो समुदायभित्र दुई धार देखिन्छ। पहिलो धार, हामी महिला वा पुरुषभन्दा फरक तृतीय प्रकृति हौँ, नागरिकतामा 'अन्य' उल्लेख हुनु उचित हुन्छ भन्ने। दोस्रो धार, हामी वास्तवमा महिला वा पुरुष नै हौँ, जन्मको शरीर गलत भएको मात्रै हो, हाम्रो आत्मा वा अनुभूति जे छ तेसैको आधारमा नागरिकता पाउनु पर्छ भन्ने। यसमा नयाँ हाङ्गा पनि पलाएको छ जस्ले भन्छ हामी त 'लैङ्गिक तरल व्यक्तिहरू हौँ, हाम्रो लैङ्गिक पहिचान परिवर्तन भैरहन्छ। अब भने यी दुई दर्शनबीचको द्वन्द्व केवल समुदायभित्र सीमित रहने छैन। भूमिका श्रेष्ठको संसद् प्रवेशसँगै यो बहस अब राष्ट्रिय संसद्सम्म पुगेको छ।

यो विषय अत्यन्त संवेदनशील छ। कसैको व्यक्तिगत पहिचानमाथि आक्रमण गर्नु, गालीगलौज गर्नु, वा फरक विचार राख्नेलाई 'ट्रान्सफोबिक' भन्दै बहिष्कार गर्नु समाधान होइन। वास्तवमा आवश्यक कुरा भनेको खुला, तथ्यमा आधारित र सम्मानजनक बहस हो। यो बहसमा संसद्, नीति निर्माण तह, मानव अधिकार क्षेत्र, स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र, राज्यका सबै निकाय, सेना, पुलिस, लोक सेवा, खेलकुद, नागरिक समाज, सञ्चार क्षेत्र सबै सहभागी हुनुपर्छ।

अन्तिम कुरा भूमिका श्रेष्ठको सांसद बन्ने यात्रा स्वागतयोग्य छ। तर यसले एउटा ठूलो वैचारिक बहसलाई राष्ट्रिय मञ्चमा ल्याएको छ। भूमिकाले 'आफूले सोचेको जस्तो' व्यक्तिगत पहिचान र व्यक्तिगत अधिकारको कुरा गरेर मात्र हुँदैन। समग्र महिला, पुरुष, तेस्रो लिङ्गी, समग्र समाज र राज्यको दीर्घकालीन हितमा कुरा उठाउनु पर्ने हुन्छ। त्यसकारण प्रश्न केवल एउटा व्यक्तिको होइन–महिला को हुन् ? लैङ्गिक पहिचान कसरी निर्धारण हुन्छ ? र लैङ्गिक अल्पसंख्यक समुदायले आफ्नै राजनीतिक स्थान कसरी निर्माण गर्छ ? यी प्रश्नहरूको उत्तर खोज्ने जिम्मेवारी अब संसद्, राजनीतिक दल, नागरिक समाज र यो समुदाय सबैको साझा दायित्व बनेको छ।

### समानुपातिक...

निर्वाचित भएका प्रतिनिधिसभा सदस्यहरूले सक्कल नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचय पत्र र २ प्रति पासपोर्ट साइजको फोटो लिएर कार्यालय समयभित्र आयोगको सचिवालयमा रहेको समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित हुनुपर्नेछ। गत फागुन २१ गतेको निर्वाचनमा समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ६१७ मतदान भएकोमा एक करोड आठ लाख ३५ हजार २५ मत सदर भएका थिए।

### मुख्यमन्त्री...

विरोधको स्वर चर्किएको छ। विशेष गरी प्रतिपक्षी दल र केही नागरिक समाजका प्रतिनिधिहरूले यसलाई अभिव्यक्ति स्वतन्त्रता र सुशासनसँग जोडेर हेरेका छन्। उनीहरूका अनुसार आरोप लगाउने व्यक्तिलाई पक्राउ गर्नुले सरकारमाथि थप शंका पैदा गरेको छ।

नेपाल कम्युनिस्ट पार्टीका प्रदेशसभा सदस्य ओमविक्रम भाटले यो घटनाप्रति कडा आपत्ति जनाएका छन्। उनका अनुसार मुख्यमन्त्रीमाथि प्रश्न उठ्दा कर्मचारीलाई पक्राउ गर्नु लोकतान्त्रिक अभ्यासको विपरीत हो। भाटले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै भनेका छन् कि यसअघि सुदूरपश्चिम प्रदेशका दुई जना वनमन्त्रीमाथि प्रश्न उठ्दा मुख्यमन्त्री कमल शाहले उनीहरूबाट राजीनामा गराएर आफू जिम्मेवारीबाट अलग बसेजस्तो देखिएको थियो। तर अहिले आफूमाथि गम्भीर आरोप लाग्दा भने प्रश्न उठाउने कर्मचारीलाई पक्राउ गरिनु उचित नभएको उनले बताएका छन्।

भाटका अनुसार लोकतान्त्रिक शासन व्यवस्थामा आरोपको सामना पारदर्शी छानबिनमार्फत गरिनुपर्छ। तर आरोप लगाउने व्यक्तिलाई पक्राउ गरेर चुप लगाउने प्रयास गर्नु निरंकुश प्रवृत्तिको संकेत भएको उनको आरोप छ।

उनले भनेका छन्, 'नैतिकताको आधारमा र विगतको नजिरलाई हेरेर राजीनामा दिनुको साटो कर्मचारीको मुख बन्द गराउन बल प्रयोग गर्ने कार्य लोकतन्त्र र विधिको शासनविरुद्धको कदम हो।' उनले प्रदेश सरकारलाई तत्काल आफ्नो निर्णय पुनर्विचार गर्न आग्रह गर्दै लोकतान्त्रिक अभ्यासअनुसार मार्ग प्रशस्त गर्नुपर्ने बताएका छन्।


### अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (चाईना) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | DOUBLE DOOR | CG | CGD240SLS | 220 Ltr | CHINA | SET | NPR | 56,490/- | |
| 2 | REFRIGERATOR | DOUBLE DOOR | CG | CGD290SLS | 270 Ltr | CHINA | SET | NPR | 57,990/- | |
| 3 | REFRIGERATOR | DOUBLE DOOR | CG | CGD370SLS | 350 Ltr | CHINA | SET | NPR | 77,990/- | |
| 4 | REFRIGERATOR | DOUBLE DOOR | CG MERIDIA | CGMD290MGI | 270 Ltr | CHINA | SET | NPR | 59,390/- | |
| 5 | REFRIGERATOR | SIDE BY SIDE | CG MERIDIA | CGMSBS560P5 | 550 Ltr | CHINA | SET | NPR | 1,37,490/- | |

विक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१


**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी बिशेष दर्ता खारेजी गरीएको सुचना**

यस कार्यलयमा मिति २०८७३।१०।२३ मा दर्ता भएको (प्रा.लि.नं. १६३१२१)को शिवशक्ति रोडलाईन्स एण्ड सप्लायर्स प्रा.लि. नामक कम्पनी यस कार्यलयको मिति २०८२।१२।०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजीम बिषेश दर्ता खारेज गरीएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशीत गरीएको छ।

## शिवालय गाउँपालिका
## Shivalaya Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive
**सिमा, जाजरकोट**
**Sima, Jajarkot**
**कर्णाली प्रदेश, नेपाल**
**Karnali Province, Nepal**

### सि.अ.हे.व. उद्धव कुमार कार्कीलाई सेवाबाट हटाउने सम्बन्धी सूचना !

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२।१२।०३)**

शिवालय गाउँपालिका वडा नम्बर ५ थालारैकर स्वास्थ्य चौकीमा स्थानीय स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, सि.अ.हे.व., सहायक स्तर पाँचौं तहको पदमा कार्यरत तपाई श्री उद्धव कुमार कार्की (कर्मचारी संकेत नं. १८८४२८) मिति २०८२।०६।२३ गते देखि मिति २०८२।१२।०२ गतेसम्म बिना जानकारी ९० (नब्बे) दिन भन्दा बढी अवधिसम्म यस कार्यालय अन्तर्गत थालाकैर स्वास्थ्य चौकीमा हाजिर हुनु भएको नदेखिएकोले स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ९६ उपदफा (१) खण्ड (छ) बमोजिम "भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट किन नहटाउने ?" स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा १०१ बमोजिम सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफ्नो सफाई र स्पष्टीकरण पेश गर्न हुन यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## भूमिसुधार तथा मालपोत कार्यालय
**नेपालगन्ज, बाँके**

### रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति–२०८२।१२।०३**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयवाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | सम्पत्ति बुढा | बाँके | ईन्द्रपुर | ३क | १६५६ | ०-१-०.७५ | - | - | - | - |


## जापानमा रोजगार
**KANSAI KEIZAI KORYUKAI COOPERATRATIVE SOCIETY**
पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/१०/२९ चलानी नं. ६०२३२८५० LT No.: 318703

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Care Giver Female | 1 | कक्षा १२ | 1,97,500 | १,८३,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | रु. ४०,०००।- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः** (क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्नेछ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय बसुन्धरा, काठमाडौंमा २०८२/१२/१० गते (24 March, 2026) हुनेछ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस। २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाइ नदिनुहोस। ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस। ५) अनिवार्य रुपमा बिमा गराउनुहोस। ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस। सोको एक प्रति आफुसँग राख्नुहोस। ७) श्रम स्वीकृतिबिना बैदेशिक रोजगारीमा नजानुहोस। बैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस। अन्यथा ठगिने सम्भावना हुन्छ। ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस। ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस। **नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ। जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ।**

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम ईजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा-०९, काठमाडौं, फोनः ०१-४९५९७७२, ४९८४१९०, ४९८४१९१
९८५१०९९३०० (देबी प्रसाद अधिकारी), ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं. : ४३८३६२७, Email: capital2004@yahoo.com "Real Happiness Lies in Making Other Happy"


## बढैयाताल गाउँपालिका
## Badhaiyatsl Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive
**मैनापोखर, बर्दिया**
**Mainapokhar, Bardiya**
**लुम्बिनी प्रदेश, नेपाल**
**Lumbini Province, Nepal**

### वोलपत्र स्वीकृति सम्वन्धी सुचना

**सुचना प्रकाशित मिति २०८२/१२/०३**

यस कार्यालयबाट मिति २०८२/१०/२७ गतेमा आ.व.२०८२/०८३ का लागि सेनिटरी प्याड खरिद सम्वन्धी कार्यको लागि मिसन टुडे राष्ट्रि दैनिक प्रकाशित गरिएको वोलपत्र अह्वान सम्वन्धी सुचना अनुसार पेस हुन आएका वोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित फर्मले पेश गरेको वोलपत्र न्युनतम मुल्याकत सारभुतमातरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएकोछ।

| सि.नं. | वोलपत्र नम्मर | फर्मको नाम र ठेगाना | वोलपत्रको अन्तिम कायम रकम मु.क. कर वाहेक रु |
|---|---|---|---|
| १. | BTRM/NCB/GOODS/03/2082/2083 | श्री शिवन्स सेनेटरी उद्योग कावासोति न.पा.३ नवलपारासि(बर्दघाट सुस्ता पुर्व) | 1549088.94 |

**प्रमुख प्रशासकीय अधिकृत**

## Government of Lumbini Province
## Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
## Road Infrastructure Development Office
**Kapilvastu**

# Invitation for Bids

IFB No: 08/RIDOKAP/082-83 Date of publication: March 17, 2026 (2082/12/03)

1. Road Infrastructure Development Office, Kapilvastu invites electronic bids only for the construction of following works. All other information and Bid documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.
2. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following.

Cost of bidding document: NRs. 3000/- Name of Bank: Rastriya Banijya Bank, Taulihawa, Kapilvastu
Name of Office: Road Infrastructure Development Office, Kapilvastu Office Code No.: 3370149015 Revenue Heading no.: 14229 Revenue Account Number: 1000100200010000 account.

3. Electronic bids must be submitted before 12:00 P.M. on April 16, 2026.

| S. N. | Name of Works | Contract ID | Estimated Amount (excluding VAT) | Bid Security Amount (NRs) with validity upto (August 14, 2026) |
|---|---|---|---|---|
| 1 | Buddhabhumi Nagarpalika Wada No. 9 Dumra Rajmarga dekhi Uttar Saat Gaun jodne Sadak Kalopatre (Asphalt) Buddhabhumi 9 Kapilvastu | RIDOKAP / 10134 / NCB / 082-83 / 33 | 69,02,970.61 | 1,75,000/- |

# ‘मैले त ओली जी हार्नुहोला भन्ने सोचेको पनि थिइनँ’

देशप्रति विश्वासको वातावरण बनाउनैपर्छ । प्राकृतिक स्रोतसाधनका हिसाबले अन्यन्तै सुन्दर देश छ । अब द्वन्द्व र तनावको अवस्था नहोस् । सबै मिलेर बस्ने वातावरण बनोस् । बालेनको चुनावी अभियानले तराई, पहाड र हिमाल एक भएको सन्देश दिएको मैले बुझेको छु । मलाई बालेनप्रति विश्वास पनि छ । केही होला भन्ने आशा छ ।



## सुशीला कार्की
### प्रधानमन्त्री

**शान्तिपूर्ण तरिकाले प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भयो । प्रधानमन्त्रीका हैसियतले यहाँले सफल नेतृत्व गर्नुभयो । कस्तो महसुस भइरहेको छ ?**

मलाई त्यस्तो बेग्लै महसुस त भएको छैन । तर, देशको चिन्ता सबैलाई थियो । एउटा अनिश्चयकाबीच शान्तिपूर्ण तरिकाले निर्वाचन सम्पन्न भयो । देशको बारेमा चिन्ता गर्ने, मुलुकको भलाइ चाहने सबै खुसी छन् । म पनि खुसी छु । सरकारलाई जुन जिम्मेवारी तोकेर दिइएको थियो । त्यो हामीले समयमै पूरा गर्न सक्यौं । आनन्दजस्तो महसुस भएको छ ।

**मुलुकको विषम परिस्थितिमा कार्यकारी प्रमुखको जिम्मेवारी सम्हाल्नुभयो । जेनजी आन्दोलनपछिको अवस्था भएकाले सुरुसुरुका दिनमा पक्कै पनि चुनौतीहरू थिए । ती चुनौतीहरूलाई कसरी सम्झनुहुन्छ ?**

मैले नेतृत्व लिएका अवस्थामा धेरै चुनौतीहरू थिए । आफैँलाई पनि काम गर्न सकिन्छ कि सकिँदैन भन्ने लागेको थियो । समय जम्मा छ महिनाको थियो । त्यसमाथि प्रहार धेरैले गरे । अविश्वास पनि गरे । हाम्रोविरुद्ध सिङ्गै पुराना दल उभिए । जेनजी हुँ भन्नेहरूले तुरुन्तै छोड पनि भने । जेनजीको आन्दोलनलाई अपहरण गरेर आयौं भने । त्यसबेला हामीलाई सहयोग गर्ने मान्छे एकदम कम थिए । मन्त्रीपरिषद्का सदस्यले एकअर्कालाई सान्त्वना दिँदै काम गऱ्यो । विदेशी कूटनीतिक नियोगका प्रतिनिधिसँग भेट्दा पनि ‘सम्भव छ र ?’ भन्ने जस्ता प्रश्न आउँथे ।

शान्ति र सहानुभूतिको कुरा धेरैतिरबाट आएन । हाम्रा पछाडि समर्थकको ठूलो पङ्क्ति र संगठन थिएन । हामी सीमित मान्छे सरकारमा थियौं । त्यो बीचमा धेरै हमला भयो । हामीप्रति मानिसको विश्वास पनि थिएन । त्यसमाथि एउटा महिला भन्ने खालका टिप्पणी सुनिँदै थिए । तर मैले एक कानबाट सुनेँ, अर्को कानबाट उडाइदिएँ । आफ्नो काम छोडिनँ ।

**त्यस्तो कठिन अवस्थामा ‘म सक्छु नेतृत्व गर्न’ भन्ने आँट, साहस र भरोसा चाहिँ कहाँबाट आयो ?**

म सक्छु भन्ने मनभित्रैदेखि नै आयो । प्रधानमन्त्री हुनुभन्दा पहिला मैले अन्दाज गरेको रैनछु । मेरो शरीर, तागत, बल १६ देखि १८ वर्षको जस्तो रहेछ । सक्दिँन भन्ने भयो भने त उच्च रक्तचापका कारण मानिसलाई त ‘सक’ हुन्छ । पत्रपत्रिकामा जताततै आलोचना मात्रै आउँथ्यो । मेरो त रक्तचाप बढ्नुको सट्टा घट्दै आयो । डाक्टर नै छक्क पर्नुभयो । तर मेरो आत्तिने बानी छैन । त्यो भोगेर पनि आएको हो । राजनीतिक एउटा मूल्यमान्यता हुन्छ । न्यायालयका मानिसले पनि भोगेर त आएका हुन्छन् । एउटा सकसको अवस्था मैले सामना गरेरै आएको हो । अदालतमा एकै महसुस गरिन्थ्यो । तर त्यहाँ अभिव्यक्त गर्न पाइँदैन । यहाँ अभिव्यक्त गर्न पनि पाइन्छ ।

अर्को कुरा, सानैदेखि मलाई ‘सहनुपर्छ, आत्तिनु हुँदैन’ भनेर सिकाइएको थियो । मलाई सानैदेखि आँट गरेर केही काम गऱ्यो भने जे पनि गर्न सकिन्छ भन्ने लाग्थ्यो । आत्मविश्वास पनि थियो । मैले धेरैपटक भगवान्लाई गुहारेँ । मलाई लाग्यो कि कहिले माओवादीको सशस्त्र द्वन्द्व भनेको छ, मान्छे मारेको छ । कहिले के भनेको छ । कहिलेसम्म नेपालीले ज्यान फाल्ने ? ‘भगवान्, यतिचाहिँ गर्नुस्’ भनेर मैले हात जोडेँ ।

मलाई नपुग्दो केही छैन । प्रधानन्यायाधीश भएँ । प्रधानमन्त्री भएँ । मेरा छोराबुहारी छन् । नाति छ । बस्ने बास छ । मलाई सबै कुरा तृप्त छ । ‘मलाई अब निजी कुरा केही चाहिएन, म जन्मेको, हुर्केको देशलाई त्राण देऊ भगवान्’ भनेँ । मैले जेजे मागेँ, त्यही पुग्यो । त्यो मलाई आशीर्वाद दिएको होला पिताजी, माताजीहरूले माथिबाट... । निर्वाचनको दिन पानी पर्दैन भनेँ, पानी परेन । हिउँ झर्दैन भनेर मैले भनेँ, झरेन । मैले मेरो आत्मविश्वासले यस्तो भनेकी थिएँ । संयोगबस मौसम राम्रो भयो । अनि प्रकृतिलाई पनि धन्यवाद भनेकी छु ।

**देशको नेतृत्व गरिरहँदा सबैभन्दा कठिन मोड, अब मैले सक्दिनँ कि भन्ने कुनैबेला लाग्यो कि ?**

त्यस्तो त पटकपटक लाग्यो नी । जेनजी आन्दोलनका सहिदका बुबाआमा बालुवाटार आएर रोएको दिन हृदयाघात नै होलाजस्तो भयो । पत्रपत्रिकामा ‘सक्दैन सरकारले’ भनिरहेकै देखिन्थ्यो । एउटा जेनजीले भन्यो, ‘हामीले सरकार चलाउनुपर्ने तिमीले किन चलायौं ।’ तिनीहरूले पहिला राष्ट्रपतिसँग ‘म सक्छु भन्न सकेनन् । सरकारको अवधि सकिने बेलामा ‘मलाई मन्त्री बनाइदेऊ’ भन्न आइरहेका थिए । तर म रिसाइनँ, ती बच्चा, केटाकेटी न हुन् ।

एक/दुई जनाले त ‘यसलाई असफल बनाएर आफैँ प्रधानमन्त्री बन्छु’ पनि भने । राजनीतिक दलको भनाइ चाहिँ तपाईँ प्रधानमन्त्री भए पनि राजनीतिक दलको मन्त्री राखेर सरकार चलाउनु भन्ने पनि आएको थियो । यो देशमा प्रधानमन्त्री सबैभन्दा ठूलो कुरा हुने रैछ । मेरा लागि त त्यस्तो अमूल्य छैन । म अहिले पनि प्रधानन्यायाधीश भन्न नै मनपर्छ ।

न्याय क्षेत्रकै सङ्गत मनपर्छ । तर मानिसलाई प्रधानमन्त्रीमा आकर्षण हुने रैछ । ‘त्यो सुशीलाले सक्ने, हामीले नसक्ने ?’ पनि भने । अपशब्द पनि बोले । यस्तो कपडा लगाएको, चुरा यस्तो लगाएको, बाङ्गो भएर हिँडेको भन्ने जति त सबै भने । जति आलोचना गरून्, मलाई केही फरक पर्दैन । आफ्नो नजर हो ।

**निर्वाचन अब हुन्छ भनेर ढुक्क चाहिँ तपाईँलाई कुन बिन्दुबाट लाग्यो ?**

गत भदौ २७ गते प्रधानमन्त्रीमा मेरो नियुक्ति भयो । त्यसको भोलिपल्ट २८ गते शनिबार थियो, २९ गतेदेखि निर्वाचन आयोगले काम सुरु गऱ्यो । हामीले सबैभन्दा पहिला जेनजी आन्दोलनमा सहादत पाएका सहिदका परिवारको समस्यामा ध्यान दियौं । उहाँहरूका परिवारले जेजे भन्नुभयो, त्यो सुन्यौं र त्यसैअनुसार काम गऱ्यौं । त्यसपछि निर्वाचनमा ध्यान दियौं ।

निर्वाचनमा सहयोगका लागि छिमेकी मुलुकलाई पनि अनुरोध गऱ्यौं । प्रहरीसँग गाडी अपुग थिए । मित्रराष्ट्र भारत र चीनबाट सहयोग पनि प्राप्त भयो । मुख्य ध्यान निर्वाचनमै केन्द्रित गरेर काम गऱ्यौं । निर्वाचन आयोगले मागेको कुरामा सहजीकरण सबै गऱ्यौं । मानसिक वातावरण बनाउनका लागि राष्ट्रपतिसँग छलफल गऱ्यौं । जेनजीका २१/२२ वटा समूह निस्किए । एउटाले एउटा भन्छ, अर्काले अर्को भन्छ । पार्टीको भ्रातृ संगठनजस्तो भयो जेनजी त । कोहीले कार्यकारी प्रधानमन्त्री, कोहीले निर्वाचित प्रधानमन्त्री र केहीले संविधान संशोधन गर्न भने । संविधानले गर्न नमिल्ने कुरा पनि भनिरहेका हुन्थे । जेनजीहरूले भनेको कुरालाई नसुने झैँ गर्न पनि भएन । राजनीतिक दल भन्छन् यो सरकारले निर्वाचन मात्रै गराउने हो । जेनजी भन्छन् सबै काम गर, यो त विद्रोहबाट आएको सरकार हो । हामी त ताइमा फुलौरा उफ्रिएजस्तो भयौं । त्यो अवस्था पनि भोग्नुपऱ्यो ।

**विभिन्न आरोहअवरोहका बीचमा ऐतिहासिक रूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न भयो । मनभित्र जिन्दगीको सबैभन्दा ठूलो उपलब्धि हासिल गरेजस्तो लागेको छैन ?**

त्यस्तो मलाई लागेको छैन । जीवनमा एक कक्षाको परीक्षा दिइयो, पास भइयो । दुई कक्षाको परीक्षा दिइयो, पास भइयो । पढ्दापढ्दै स्नातकोत्तर पास भइयो । जीवनमा समयअनुसार परीक्षा भइरहन्छ । साँच्चै भन्नुहुन्छ भने यो जीवनको एउटा सङ्ग्राम थियो । मुलुकले राहत पायो । सुरुमा मेरो मुखबाट शब्द निस्किएको थियो, ‘निर्वाचनमा मान्छे मर्नुहुँदैन । एकथोपा रगत पनि झर्नुहुँदैन ।’

अन्ततः त्यस्तै शान्तिपूर्ण भयो । म आमजनतालाई धन्यवाद दिन चाहन्छु । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, निर्वाचन प्रहरीलगायत सबै सुरक्षाकर्मीको निर्वाचन यसरी सफल पार्न ठूलो योगदान छ । म प्रधानमन्त्रीको हैसियतले धेरै धन्यवाद दिन चाहन्छु ।

**निर्वाचन र सरकारलाई सफल पार्न कसको कस्तो सहयोग मिल्यो ?**

सरकारको मूल कार्यभार निर्वाचन गराउने थियो । यसको ५० प्रतिशत श्रेय म निर्वाचन आयोगलाई दिन चाहन्छु । निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित तीन आयुक्तको नेतृत्वमा भएको योगदान इतिहासले बिर्सन सक्ने छैन । आयोगमा पाँच जना पदाधिकारी हुनुपर्नेमा तीन जनाले पनि यति ठूलो काम गर्नुभयो । म प्रधानमन्त्रीका हैसियतले तीनै जना पदाधिकारीलाई र सिङ्गो आयोगलाई धन्यवाद दिन चाहन्छु । मन्त्रिमण्डलमा सबैभन्दा धेरै धन्यवाद म गृहमन्त्री ओमप्रकाश अर्याललाई दिन चाहन्छु ।

दिनरात मेहनत गर्नुभएको छ । अरू मन्त्रीहरूलाई पनि धन्यवाद दिन चाहन्छु । सरकारले यो सफलता पाउनुमा प्रत्येक नागरिकको उत्तिकै योगदान छ । चारवटै सुरक्षा निकायका प्रमुखहरूले पनि एकीकृत सुरक्षा योजना बनाउन र प्रभावकारी रूपमा लागू गरी मुलुकलाई यो ठाउँमा सुरक्षित अवतरण गर्न ठूलो भूमिका खेल्नुभएको छ ।

मलाई सफल पार्नका लागि मेरो निकट रहेर दुई सहयोगी व्यक्तित्व प्रेस सल्लाहकार रामबहादुर रावल र प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले जीवनमा बिर्सन नहुने गुन लगाउनुभएको छ । रावल जी पत्रकार मात्रै होइन, उहाँमा इमानदारी र मानिसलाई सहयोग गरूँ भन्ने भावना मात्रै छ । प्रमुख स्वकीय सचिव श्रेष्ठ अदालतको कर्मचारी हो । अदालतमा काम गर्ने प्रविधि र कानुनमा राम्रो ज्ञान भएको कानुनकै विद्यार्थी पनि हो । धेरै प्रधानन्यायाधीशको निजी सहायकका रूपमा काम गरेको व्यक्ति हो । म प्रधानन्यायाधीश हुँदा पनि निजी सहायक नै थियो । सचिवालयमा २०/२५ जनाले गर्ने काम यिनीहरूले गरे ।

लामो समय अदालतमा काम गरेको, आइटी र कानुनमा राम्रो दख्खल भएको व्यक्ति हो । धेरै प्रधानन्यायाधीशको सचिवालयमा निजी सहायक भएर सबैको विश्वास जितेर काम गरेको हो । यो उमेरमा मलाई सफल पार्न ७५ प्रतिशत आदर्शको हात छ । उसैको देनका कारण सम्भव भयो । प्रधानमन्त्रीको स्वकीय सचिवालयमा पहिला ४०-५० जना कर्मचारी हुन्थे । म सबैलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु ।

अर्को नेपाली सेनाका प्रमुख सेनानी बालमुकुन्द विष्ट र सेनानी सुरज ओझा अत्यन्तै विद्वान् हुनुहुन्छ । उहाँहरूले संसारभरिका विषयमा मलाई अपडेट गराउनुहुन्थ्यो । उपसेनानी गोमा बूढाथोकीले मलाई छोरीले जस्तै हेरचाह गर्नुभयो ।

**निर्वाचन गराउन सुरुमा राजनीतिक दलहरूसँग संवाद गर्नुपर्ने मुख्य चुनौती थियो । त्यो चुनौतीको सामना कसरी गर्नुभयो ?**

मुलुकमा १२५/१३० पार्टी थिए । विविध विचारका छन् । धेरैको मुखमा रामराम, बगलीमा छुरा । केही एक्लै पार्टी चलाएका छन् । पैसा उठाएर हिँड्ने । हर प्रकृतिका मानिस छन् । कोही साम्यवादी, कोही प्रजातन्त्रवादी छन् । कोही पूर्वराजाकामा जानेछन् । प्रधानमन्त्री जोसुकै होस्, देश बनाऊँ न भन्ने कोही छैन । खाली कुर्सीको मोह मात्रै छ ।

कुर्सीमा बसेर सबैथोक हुँदैन । मुलुक बनाउने हो भने आआफ्नो क्षेत्रमा काम गरे पुग्छ । अरू केही नगरे पनि आफ्ना छोराछोरीलाई राम्रोसँग पढाए परिवार त बन्छ । तर कुर्सी मोह मात्रै देखिन्छ । कानुनी क्षेत्रबाट आएको मान्छे मलाई छ महिना कटाउनै पर्छ भन्ने पनि लागेको थिएन । गाली पनि खायौं । कति नराम्रोसँग गाली गर्ने नेतासँग भेट्यौं । राष्ट्रपति कार्यालयमा जेनजीका प्रतिनिधिसँग बस्दा अहिले नै ‘गेटआउट’ भनेको पनि सुन्यौं । ‘तँलाई प्रधानमन्त्रीमा राख्दैनौं’ भने । त्यो तँतँ र मम पनि सह्यौं । ‘तैँले भनिस्, म निस्केर गएँ’ भनेर छाडेको भए देशको जिम्मा कसले लिन्थ्यो ? म पनि यही देशको जनता हो । यो देशप्रति माया मलाई छ । मैले छोड्न मिल्दैनथ्यो ।

राजनीतक दलका मानिसलाई धेरै भेट्यौं । प्रमुख राजनीतिक दलका नेताहरू नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’, राष्ट्रिय स्वतन्त्र पार्टीका नेतासहित १२५ वटै पार्टीसँग पनि छलफल गऱ्यौं । त्यत्रो आन्दोलन भयो । त्यो परिस्थितिबाट अहिलेको परिस्थितमा मुलुकलाई त ल्यायौं नि । एउटा आइजिपीले मलाई हप्काएको थियो, बोल्दाबोल्दै । यो सबै सङ्घर्ष त थियो नी ।

पुराना कर्मचारी र पुराना सचिवले त पुरानै दल खोजिरहेका थिए । नयाँले नयाँ कुरा गर्छन् । त्यो सबै सहेर अहिले शान्तिपूर्ण अवस्थामा पुऱ्यायौं । त्यसका लागि अथक प्रयास गरियो । एकैदिनमा १४ वटा बैठकसम्म गरेँ । धेरैपटक राति २-३ बजेसम्म पनि बसेका छौं । प्रत्येक दिन पाँच वटा, १० वटा बैठक गरेको छ, मान्छे भेटेको छ । वातावरण बनाउने प्रयासकै लागि थिन्यो त्यो ।

फेरि संस्कार कस्तो भएको रैछ भने हरेकलाई प्रधानमन्त्री भेट्नैपर्ने, फोटो खिच्नैपर्ने, त्यो पनि गरियो । किनभने, जसरी पनि चुनावी वातावरण बनाउनु थियो । निर्वाचनको दिन बेलुका ५:०० बजेसम्म पनि के हो, के हो भन्ने भइरहेको थियो । मतदान हुँदाहुँदै हमला हुने हो कि भन्ने अवस्थालाई रोकियो । धार्मिक साम्प्रदायिक कुरालाई लिएर ठाउँठाउँमा तनाव सिर्जना गरिए । ती पनि रोक्यौं ।

राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री मातहत राखेर निकम्मा बनाइएको रहेछ । अहिले त्यो गृह मन्त्रालय मातहत राखेर क्रियाशील गराइएको छ । यो निर्वाचन सम्पन्न गर्न र धेरै ठूला दुर्घटना टार्न अनुसन्धान विभागको सूचनाले महत्वपूर्ण काम गरेको छ ।

**विघटित प्रतिनिधिसभा पुनःस्थानाका लागि तत्कालीन प्रमुख दलहरू सर्वोच्च अदालतमा समेत गएका थिए नी ?**

सरकारलाई जसरी पनि निर्वाचन गराउनु थियो । सबै दलहरूसँग पटकपटक संवाद, छलफल गरिरह्यौं । मुलुकलाई पूरै निर्वाचनतर्फ डोहोऱ्याउने काम गरियो । अन्ततः सफल भयो ।

**निर्वाचनमा नयाँ दलले झण्डै दुईतिहाइ हैसियतमा विजय हासिल गरेको छ, पुराना स्थापित दलहरू कमजोर देखिए । यो परिणामलाई कसरी लिनुभएको छ ?**

अहिलेको मतपरिणाम युवाको हो । जेनजी आन्दोलनको असर पनि हो । परिवर्तनको चाहना पनि हो । तर पुराना दलले पनि आत्तिनुपर्दैन । नयाँले मात्तिनु पर्दैन । हामीले पनि नसोचेको भयो । मैले त ओली जी हार्नुहोला भन्ने सोचेको पनि थिइनँ । उहाँको ३०/४० वर्ष राजनीति गरेको ठाउँ, उहाँको इष्टमित्र सबै भएको ठाउँ हो । अन्तिममा भेट्दा मैले ओलीजीलाई भनेको थिएँ । राजनीतिमा कस्तो हुन्छ भने मेरा परिवारका मानिस पनि काँग्रेस छन् । वर्षभरि पार्टीलाई धारे हात लाउँछन् तर भोट दिनेबेलामा त्यसैलाई दिन्छन् ।

तपाईँलाई भोट दिन्छन् भनेको थिएँ । त्यस्तो होला भन्ने त मलाई पनि लागेको थिए । जनताले दिएको मतलाई सम्मान गर्नुपर्छ । रास्वपाले पाएको मतको सम्मान गर्नुपर्छ । विपक्षीले थोरै मत पाएको भए पनि रास्वपाले त्यसलाई सम्मान गर्नुपर्छ । राजनीतिमा निर्वाचन नभएसम्म यो पार्टी र त्यो पार्टी हुन्छ । निर्वाचनपछि अल्पमतलाई पनि जित्नेले बेवास्ता गर्नुहुँदैन ।

पुराना पार्टीलाई रास्वपाले सम्मान गर्नुपर्छ । सत्तापक्षले गलत गरेमा प्रतिपक्षले विरोध गर्नुपर्छ । राजनीति भनेको सामाजिक सेवा हो । भारतमा इन्दिरा गान्धीले त्यसैगरी हार्नुभएको थियो, पछि जित्नुभयो । नेपालका परिपक्व भएका नेतालाई जनताले बिर्सिँदैनन् । आज एउटा लहर आएको हो, भोलि अर्को आउन पनि सक्छ ।

**गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको भावनाबमोजिम अहिलेको सरकारले सुशासन कायम र भ्रष्टाचार नियन्त्रणका लागि केके काम गर्न सक्यो ?**

सुशासन र भ्रष्टाचार नियन्त्रणमा हामीले सक्दो प्रयास गऱ्यौं । विगतका सरकारले गर्नेजस्तो ह्वारह्वार खर्च गरेनौं । मैले तबल लिइनँ । म बालुवाटारमा बस्छु । त्यति मात्रै हो । केही लिन्नँ । बुलेट प्रुफ गाडी, बाहिर यात्रा गर्दा नेपाली सेनाको हेलिकप्टरको प्रयोग गर्नुपर्ने रहेछ । केही मन्त्रीले पनि तलब लिनुभएको छैन । केही मन्त्रीको त अर्को आयस्रोत नै छैन, लिनैपऱ्यो ।

हामीले अनावश्यक खर्च कटौती गऱ्यौं । निर्वाचनमा पनि जम्मा रु ३२ अर्ब खर्चको हिसाब छ । तर त्यो खर्च प्रहरी, सेना र सुरक्षा सामग्रीमा गएकोसमेत हो । भोलि पनि काम लाग्ने सामग्री छन् । अत्यावश्यक मात्रै खर्च भयो । निर्वाचन आयोगले पनि न्यूनतम खर्च गरेको छ, एकदम मितव्ययी भएर । राष्ट्रियसभाको निर्वाचनमा चार करोड अनुमान गरेकामा रु दुई करोड मात्रै खर्च भएको छ ।

मलगायत केही मन्त्रीले त रातो पासपोर्ट नै बनाएनौं । विदेश भ्रमणमा गएर राज्यकोषमा भार थपेनौं । निर्वाचनको अवस्था बुझ्न र त्यहाँ परिचालित जनशक्तिलाई ढाडस दिन केही जिल्लामा गयौं । मलाई लाग्छ, यति मितव्ययिता अपनाउने सरकार विगतमा थिएन ।

कर्मचारीतन्त्र र सुरक्षा संगठनमा नियुक्ति र बढुवा गर्दा कतै चलखेलको ठाउँ नराखी ज्येष्ठता र कार्यक्षमतालाई आधार मान्यौं । ती संगठनको दीर्घकालीन मनोबल बढाउने काम गऱ्यौं ।

विश्वविद्यालयजस्ता प्राज्ञिक थलोहरूलाई हामी उचित सम्मान दियौं । त्यहाँका नियुक्तिमा हस्तक्षेप गरेनौं । हामीले १९ वटा विश्वविद्यालयका सभामा हुने नियुक्ति र मनोनयनमा हाम्रा मान्छे भनेर सूची दिएनौं । जबकि त्यहाँ ४५ जनासम्म नियुक्ति हुने रहेछ र ती सबै सदस्य रुलिङ पार्टीको मात्रै हुने रैछ । नातागोता कसैलाई नियुक्ति गरेनौं । सुरक्षा संगठनका प्रमुखहरू कार्की थरका भनेर पनि टिप्पणी गरिए । तर उहाँहरू मेरो नाताका कार्की होइन, गोत्र पनि मिल्दैन क्यारे ।

मुख्यसचिव बनाउँदा पनि ज्येष्ठतालाई ध्यान दियौं । यस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, सिआइबीलगायत संस्थाले अभूतपूर्व व्यावसायिक स्वतन्त्रताका साथ काम गरेका छन् । म ती संस्थाका प्रमुख तथा पदाधिकारीहरूको उच्च प्रशंसा गर्दछु ।

जेनजी आन्दोलनको जाँचबुझ गर्न गठित आयोगका पदाधिकारीले पनि यो सरकारका पालामा कुनै भनसुन सुन्न नपरेको भन्दै हुनुहुन्थ्यो । सम्पत्ति शुद्धीकरण विभाग, राजस्व अनुसन्धान विभागजस्ता संस्थालाई प्रधानमन्त्रीको मातहतबाट सम्बन्धित मन्त्रालयमा पठाइदिएँ । मुलुकका १९ वटा विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुने रैछ । यसमा संशोधन गर्न खोजेका थियौं तर अध्यादेश ल्याउन सम्भव भएन । जो पायो । त्यही राख्ने होइन । विज्ञताका आधारमा राख्नुपर्छ ।

**केही दिनमा नयाँ सरकार बन्दैछ । नयाँ सरकारलाई यहाँको सन्देश के हुन्छ ?**

नयाँ सरकारले सबैभन्दा पहिला जेनजीले राखेका तीन वटा माग पूरा गर्नुपर्छ- सुशासन कायम, भ्रष्टाचार नियन्त्रण र रोजगारीको व्यवस्था । सबैभन्दा ठूलो समस्या रोजगारीको अभाव छ । भएका अवसरमा पनि नातावाद छ । यस्तो अवस्था हटाउँदै आर्थिक स्थितिमा सुधार गर्नुपर्छ । खुलेआम भ्रष्टाचार रोक्नुपर्छ ।

सबैभन्दा ठूलो सुधार सिंहदरबारभित्र गर्नुपर्ने मैले देखेको छु । त्यहाँ काम गर्ने कर्मचारीहरू राजनीतिकरण हुने गरेको देखियो । हरेक कामलाई सचिवहरू फनफनी घुमाइरहँदा रहेछन् । आफ्नो स्वार्थको कुरामा दुई तीन वटा विकल्प ल्याउँछन्, आफ्नो स्वार्थको कुरा छैन र देशको कुरा छ भने त्यो हुँदैन र मिल्दैन मात्र भन्ने । अख्तियार देखाउने । केही सीप नलागे विवादमा परिन्छ हजुर भन्ने । त्यो मैले रद्दी देखेको छु । सरकारको काममा ७५ प्रतिशत असर त्यहाँबाट परेको छ ।

समयमा कुनै परियोजना पूरा हुँदैनन् । नेपाली हो भने त पीर पर्नुपर्छ नि । आज म दुःखपूर्वक भन्दै छु, हामीले कुनै सहयोग पाएनौं । तर हामीले पूर्ण व्यावसायिक स्वतन्त्रताका साथ काम गर्न प्रेरित गरेपछि यसबीचमा अख्तियारले केही ठूला मुद्दा अघि बढाएको छ । ४०-४५ थान भ्रष्टाचारका मुद्दा यही सरकार आएपछि दर्ता गरेको छ । अन्यथा कतैबाट सहयोग भएन । कर्मचारीतन्त्र चुस्तदुरुस्त हुनुपर्छ । ठूलो क्रान्तिकारी कदम नै अब कर्मचारीतन्त्र सुधारका लागि चाल्नु आवश्यक देख्दछु । अहिलेकै तरिकाले त राम्रो छवि ल्याउने देखिँदैन ।

**पहिलो महिला प्रधानमन्त्रीको इतिहास पनि रचिसक्नुभएको छ । अब जिम्मेवारीबाट बाहिरिएपछि के गर्नुहुन्छ ?**

मैले विषम परिस्थितिमा प्रधानमन्त्री भएर जुन काम गर्नुपर्ने हो, त्यो पूरा गरेँ । अब म पुरानै निजी दैनिकीमा फर्किन्छु ।

**अन्त्यमा, आफ्नो प्रधानमन्त्री कार्यकालको भन्नैपर्ने केही कुरा छन् ?**

सरकारलाई निर्वाचन गराउने जिम्मेवारी थियो । त्यो पूरा भयो । विकासका क्षेत्रहरूमा पनि केही प्रयास भएका छन् । नयाँ सरकारले देशका युवालाई रोजगारी दिनुपर्छ । देशमा बस्ने वातावरण बनाउनुपर्छ । विदेश गएर बाकसमा फर्कनुपर्ने अवस्थाको अन्त्य होस् । शिक्षामा सुधार जरुरी छ । देशप्रति विश्वासको वातावरण बनाउनैपर्छ । प्राकृतिक स्रोतसाधनका हिसाबले अन्यन्तै सुन्दर देश छ । अब द्वन्द्व र तनावको अवस्था नहोस् । सबै मिलेर बस्ने वातावरण बनोस् । बालेनको चुनावी अभियानले तराई, पहाड र हिमाल एक भएको सन्देश दिएको मैले बुझेको छु । मलाई बालेनप्रति विश्वास पनि छ । केही होला भन्ने आशा छ । -रासस

## सम्पादकीय

# युवा पिँढीलाई खेलकुदमा अवसर

नेपालमा भलिबल, फुटबल, क्रिकेट लगायतका विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना हुने गर्दछन् । अन्य खेलकुदभन्दा विशेषगरी भलिबल, फुटबल र क्रिकेट खेलमा युवाको आकर्षण बढी देखिन्छ । खेलकुदले व्यक्तिको स्वास्थ्य अवस्था राम्रो र स्वस्थ मात्रै नबनाएर उनीहरूको शारीरिक, मानसिक, व्यक्तिगत अवस्थामा समेत सकारात्मक प्रभाव पारेको हुन्छ । खेलकुदले हरेक व्यक्तिलाई अनुशासनमा राख्न मद्दत गर्दछ । पछिल्लो समयमा युवा पिँढीहरू विभिन्न लागूपदार्थका कुलतमा फस्दै गएका पाइन्छन् । ती युवाहरूलाई खेलकुदमा लाग्न प्रोत्साहन गरेमा उनीहरूको भविष्य पनि बन्ने र खेलकुदमार्फत समाज तथा देशकै नाम राख्न सक्ने देखिन्छ । विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरू निरन्तर आयोजना हुन जरुरी छ । खेलकुद प्रतियोगिताले केवल खेलाडीको मात्र आर्थिक अवस्था नसुधारेर व्यापार तथा पर्यटनसँग पनि जोडिएको हुन्छ । खेलकुदमार्फत स्थानीय व्यापार तथा पर्यटन प्रवर्धन गर्न सकिन्छ । कोहलपुरमा भर्खरै मात्र एउटा क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ । यो प्रतियोगिताले खेलकुदमार्फत कोहलपुरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन मद्दत पुराएको छ । यस प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएका विभिन्न खेलाडीहरूले समेत भाग लिए । यसले गर्दा पनि यो प्रतियोगिताको स्तर अझ माथि बढाउन सफल भएको छ ।

गत फागुन २८ गतेदेखि कोहलपुरस्थित कोहलपुर क्रिकेट रंगशालामा सञ्चालित क्याम्पा कोहलपुर प्राइड लिग (केपीएल) प्रतियोगिता चैत २ गते सम्पन्न भएको छ । यो प्रतियोगितालाई अत्यन्तै सकारात्मक मान्न सकिन्छ । यसले नयाँ खेलाडी उत्पादन गर्न, कोलहपुरलाई बाह्य संसारमा चिनाउन तथा खेलाडीहरूलाई खेलप्रति प्रोत्साहन गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । खेलमा सरकारले लगानी बढाउन आवश्यक छ । संसारका अन्य देशहरू खेलकुदमार्फत विश्वमा चिनिएका छन् । खेलकुदमार्फत त्यहाँको पर्यटन विकास गर्नमा ठूलो योगदान दिएका छन् । नेपालमा पनि केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गर्न आवश्यक छ । युवा पिँढीलाई खेलकुदमा लाग्नका लागि विभिन्न प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ । खेलकुदमा युवाहरूको भविष्य छ भनेर उनीहरूलाई विभिन्न किसिमका तालिमहरू प्रदान गर्न आवश्यक छ । समग्रमा भन्नुपर्दा विभिन्न खेलकुदका विधामा आवश्यक लगानी गरि खेलकुदमार्फत समाज र देशको नाम उचो राख्नका लागि आवश्यक भूमिका निर्वाह गर्न जरुरी छ । नेपालमा स्थानीय सरकारहरूले केही बजेट खेलकुदमा छुट्याउने गरेको पाइन्छ । तर यो अझै पनि अपर्याप्त देखिन्छ । खेलकुदको समग्र विकासका लागि स्थानीय सरकारहरूले अझै महत्वपूर्ण भूमिका निर्वाह गर्न आवश्यक छ ।

दक्ष खेलाडी उत्पादन गर्नका लागि सरकारले खेलकुद क्षेत्रमा अझै थप लगानी बढाएर उनीहरूको भविष्य समेत खेलकुद क्षेत्रमै सुनिश्चित गर्न पहल गर्न आवश्यक छ । खेलकुद क्षेत्रको समग्र विकासका लागि खेलाडी उत्पादन गरेर मात्र पनि हुँदैन । खेलाडीहरूले अभ्यास गर्नका लागि आवश्यक पूर्वाधारको समेत आवश्यक पर्दछ । तसर्थः आवश्यक पूर्वाधार निर्माणमा पनि लगानी बढाउन आवश्यक देखिन्छ । आवश्यक पूर्वाधार निर्माण गरि तल्लो तहसम्म खेलकुदका विभिन्न गतिविधिहरू नियमित सञ्चालन गर्दै खेलाडीको क्षमता अभिवृद्धि गर्न पनि जरुरी देखिन्छ । पछिल्लो समयमा आम नागरिकको पनि खेलकुद क्षेत्रमा चासो बढ्दै गएको पाइन्छ । खेलाडीहरूलाई संस्थागत र व्यवसायिक रूपमा अगाडि बढाउन विभिन्न किसिमका कार्यक्रमहरूको आवश्यकता छ । खेलकुदसँग आबद्ध भएका विभिन्न संघसंस्थाहरू पछिल्ला समयमा खेलकुदको प्रवर्द्धन गर्नुभन्दा पनि आफ्ना मान्छेहरूलाई भर्ती गर्ने र राजनीतिक थलोका रूपमा प्रयोग समेत गर्दै आएको देखिन्छ । यस कार्यलाई पूर्णरूपमा निरुत्साहित गर्न आवश्यक छ । क्षमता भएका खेलाडीहरूलाई स्थान दिनु आवश्यक छ । खेलमार्फत समाज र देशलाई विश्वमा चिनाउनका लागि सरकारले महत्वपूर्ण भूमिका खेल्न आवश्यक छ । हाल गरिरहेको लगानीलाई थप बढाएर खेलकुद क्षेत्रमा युवा पिँढीलाई अवसर दिन विभिन्न प्रोत्साहन कार्यहरू गर्न आवश्यक छ ।

# विदेशमा सन्तानः स्वदेशमा अभिभावकको मत परिवर्तन

धुव्रसागर शर्मा

एमाले र काँग्रेसले आफ्नो गढ मानिरहेकामा मतको रुझान हेर्दा यसपटक दलहरूको अवस्था नराम्रोसँग बिग्रिएको देखिएको म्याग्दी बहुमुखी क्याम्पसका भूतपूर्व क्याम्पस प्रमुख कृष्णबहादुर थापाले बताए । 'यसपटक स्वतन्त्रलाई प्रत्यक्षमा र समानुपातिकमा रास्वपालाई रोजेका मतदातालाई पुरानै लयमा फर्काउन दलहरूले निकै मेहनत गर्नुपर्ने हुन्छ भने नयाँ दललाई समेत प्राप्त जनमत जोगाउने उत्तिकै चुनौती छ,' थापाले भने ।

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीले एउटा नयाँ तर रोचक भाष्य रचना गरिदिएको छ । अभिभावकको खटनपटन र निर्देशनमा रहने सन्तानहरू परिआएको खण्डमा आफ्नो विचार र बुझाइले अभिभावकको सोचाइ र परम्परावादी मान्यतालाई नै परिवर्तन गरिदिन सक्छन् भन्ने नयाँ भाष्य रचना गर्न म्याग्दी सफल भएको हो । लाहुरेहरूको जिल्ला भनेर समेत चिनिने म्याग्दीका अधिकांश युवा अध्ययन, रोजगारी र व्यापार-व्यवसायका लागि विदेशमा छन् । तिनै विदेशमा रहेका युवाहरूले यस पटकको निर्वाचनमा गाउँमा रहेका आफ्ना अभिभावकहरूको मन जितेर भोट परिवर्तन गराई पुराना स्थापित राजनीतिक दलका उम्मेदवारहरूलाई हराउन र स्वतन्त्र उम्मेदवार महावीर पुनलाई जिताउन सफल भएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिई गत माघ ६ गते म्याग्दी आएर स्वतन्त्र उम्मेदवारी दिएका राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुन स्वतन्त्र उम्मेदवारी दिएर विजयी हुने देशैभरिको एक्लो उम्मेदवार हुन् ।

पुन विजयी हुनुमा उनको व्यक्तित्व, प्रचार शैली र क्षमता मात्रै होइन, देश विदेशमा रहेका म्याग्देली सन्तानहरूको महत्वपूर्ण भूमिका रहेको नेपाल पत्रकार महासंघ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतम बताउँछन् । 'अभिभावकहरूको मत परिवर्तन गराउन सन्तानहरूको महत्वपूर्ण भूमिका रह्यो । विदेशमा रहेका आफ्ना सन्तानहरूले एक पटक आफ्नो कुरा सुनिदिन र पहिला जुन पार्टीलाई मत दिँदै आउनुभएको छ, त्यो मत यस पटक महावीर पुनलाई दिन अभिभावकहरूलाई आग्रह गरेपछि जिल्लामा रहेका अभिभावकहरूले काँग्रेस, एमाले र नेकपालाई दिँदै आएको मत परिवर्तन गरी स्वतन्त्र उम्मेदवार पुनलाई दिएका कारण पुनको विजय भएको हो,' अध्यक्ष गौतमले बताए ।

गौतमको यो भनाइसँग बुद्धिजीवी तथा राजनीतिक समीक्षक राजु केसी पनि सहमत छन् । माउन्ट एभरेष्ट माविका प्राचार्यसमेत रहेका केसीले सधैँभरि अभिभावकको कुरा सुन्ने गरेका सन्तानहरू यस पटकको निर्वाचनमा भने आफ्ना कुरा अभिभावकलाई बुझाउन र उनीहरूको मन परिवर्तन गराउन सफल भएको बताउँछन् । 'विदेशमा रहेका युवाको बढ्दो चेतना, ज्ञान, देशको अवस्था र राजनीतिक दलका नेताहरूको क्रियाकलापका कारण बढेको नैराश्यता नै मत परिवर्तनको मुख्य कारण हो,' केसीले भने, 'वर्षौंदेखि भोट दिँदै आएका राजनीतिक दल र ती दलका नेताहरूको काम र प्रवृत्तिबाट युवाहरूमा उत्पन्न भएको नैराश्यतालाई उनीहरूले आफ्ना अभिभावकहरूलाई राम्रोसँग बुझाउन सके, सन्तानको विचार र बुझाइलाई अभिभावकहरूले पनि मन पराए र उनीहरूले मत परिवर्तन गरे,' प्राचार्य केसीले भने ।

त्यसैगरी, जिल्लाको अन्नपूर्ण गाउँपालिका-१ दोबाका ७१ वर्षीय झकबहादुर गर्बुजाले विदेशमा रहेका आफ्ना छोराले यसपटक पुनलाई भोट दिन आग्रह गरेपछि आफूले पहिला भोट दिँदै आएको पार्टीलाई नदिई पुनलाई नै भोट दिएको बताए । 'वर्षौंदेखि एउटै पार्टीलाई भोट दिनुभयो, खै के पाउनुभयो र ? तपाईंहरू गाउँमा दुःख गर्ने, हामीले विदेशमा रातदिन नभनी काम गर्नुपर्ने अवस्थामा परिवर्तन भएन । यस पटक भोट परिवर्तन गर्नुहोला बुबा ! छोराको यो भनाइले आफ्नो मन छोएपछि भोट परिवर्तन गरेर महावीर पुनलाई हालेँ,' उनले भने ।

राजनीतिक दल र नेताहरूप्रतिको नैराश्यता र सन्ततिहरूको दबाबका कारण यसपटक म्याग्देली जनताले मत परिवर्तन गरेर भारी मतले स्वतन्त्र उम्मेदवार महावीर पुनलाई जिताएका छन् । प्रतिनिधिसभा सदस्यका लागि एउटा मात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा पुन १४ हजार ९३१ को फराकिलो मतान्तरसहित निर्वाचित भएका हुन् । निर्वतमान शिक्षामन्त्री समेत रहेका पुनले २२ हजार ८५० मत प्राप्त गर्दै विजयी भएको मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले बताए ।

उनका प्रतिस्पर्धी एमालेका हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत प्राप्त गरेका छन् । त्यसैगरी, नेपाली काँग्रेसका कर्णबहादुर भण्डारी (केबी)ले छ हजार ६७३ मत र नेकपाका अर्जुन थापाले तीन हजार ५३० मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत थापाले बताए । म्याग्दीमा स्वतन्त्रसहित १२ जना चुनावी प्रतिस्पर्धामा थिए । म्याग्दीमा ८६ हजार ३९७ मतदाता रहेकामा ४६ हजार २१५ मत खसेको थियो ।

**पकड क्षेत्रमै आएन दललाई भोट**

यसपटकको निर्वाचनमा काँग्रेस, एमाले र नेकपालाई आफ्नो बलियो पकड भएको भनिएका ठाउँहरूबाट नै भोट नआएपछि चिन्तित बनाएको छ । धवलागिरि गाउँपालिकाको लुलाङ, मुदी, मराङ, ताकम र मङ्गला गाउँपालिका र अन्नपूर्ण गाउँपालिका एमालेका बलियो पकड र संगठन भएका क्षेत्र हुन् । एमाले नेताहरूले यी क्षेत्रलाई आफ्नो 'कोर एरिया' भन्ने गरेको भए पनि लुलाङ बाहेकका वडामा यसपटक कमजोर देखियो भने नेपाली काँग्रेसले मल्कवाङमा सबैभन्दा धेरै मत ल्याए पनि अन्य वडामा निकै खुम्चियो ।

जिल्लाभर विगतमा राम्रो मत ल्याएका दलहरूलाई प्रत्यक्षतर्फ स्वतन्त्र उम्मेदवार र समानुपातिकमा सबै वडामा रास्वपाले अग्रस्थान मत पायो । एमालेका उम्मेदवार श्रेष्ठ, नेकपाका उम्मेदवार अर्जुनबहादुर थापाले आफ्नै वडामा अग्रता लिन सकेनन् भने काँग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले आफ्नो वडा रघुगङ्गा गाउँपालिकाको भगवती, पिप्ले र कुइनेमङ्गलेमा अग्रता लिए । भण्डारीको भगवती र पिप्लेको अग्रताले राहत मिले पनि अन्य वडामा कमजोर देखियो ।

यहाँ मात्र होइन, धेरै जसो वडामा प्रत्यक्षमा स्वतन्त्र उम्मेदवार पुनले र समानुपातिकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अग्रणी मत ल्याउँदै विजयी भए । एमाले र काँग्रेसले आफ्नो गढ मानिरहेकामा मतको रुझान हेर्दा यसपटक दलहरूको अवस्था नराम्रोसँग बिग्रिएको देखिएको म्याग्दी बहुमुखी क्याम्पसका भूतपूर्व क्याम्पस प्रमुख कृष्णबहादुर थापाले बताए । 'यसपटक स्वतन्त्रलाई प्रत्यक्षमा र समानुपातिकमा रास्वपालाई रोजेका मतदातालाई पुरानै लयमा फर्काउन दलहरूले निकै मेहनत गर्नुपर्ने हुन्छ भने नयाँ दललाई समेत प्राप्त जनमत जोगाउने उत्तिकै चुनौती छ,' थापाले भने ।

पालिका र वडामा आफ्ना जनप्रतिनिधिले नै मतदातालाई आश्वस्त पार्न नसक्दा उम्मेदवारले सोचेजस्तो मत पाउन नसकेका राजनीतिक समीक्षक यादव रिजालले बताए । आशा गरेका मतदान केन्द्रबाटै स्वतन्त्र उम्मेदवार पुनले अग्रता लिएपछि माथि उठ्नै नसक्ने गरी दलहरूले कमजोर नतिजाको सामाना गर्नुपरेको उनको भनाइ थियो । यसपटक समानुपातिकमा रास्वपाको र प्रत्यक्षतर्फ स्वतन्त्रबाट विजयी महावीरको 'क्रेज' र त्यसको प्रभावमा दलका उम्मेदवार परेको जानकारहरू बताउँछन् ।

'स्वतन्त्रलाई प्रत्यक्षमा हालेर समानुपातिकमा पार्टीलाई मत आउने दलहरूको अपेक्षामाथि नराम्रोसँग कुठाराघात भएको देखियो' रिजालले बताए । दुईवटा प्रदेशसभा सदस्य रहेको नेकपाले त जमानत जोगाउन आवश्यक पर्ने खसेको मतको १० प्रतिशत समेत ल्याउन सकेन । म्याग्दीमा २०७९ सालमा काँग्रेस म्याग्दीका सभापति खमबहादुर गर्बुजा (खम्बीर)ले प्रतिनिधिसभा सदस्यमा २४ हजार २१ मत ल्याएर विजयी भएका थिए । उनका प्रतिद्वन्द्वी एमालेका हरिकृष्ण श्रेष्ठले २० हजार एक सय ८९ मत प्राप्त गरेका थिए ।

**आफ्नै कामले पहिचान बनाएका महावीर पुन**

म्याग्दीबाट स्वतन्त्र उम्मेदवारी दिई अत्यधिक मतले विजयी भएपछि प्रतिनिधिसभा सदस्य बनेका महावीर पुन वैज्ञानिक, अनुसन्धानकर्ता एवं समाजसेवी व्यक्ति हुन् । २०११ माघ ५ गते म्याग्दी जिल्लाको नागी गाउँमा बुबा कृष्ण पुन र आमा पूर्वी पुनको छोराका रूपमा जन्मिएका पुनलाई नचिन्ने सम्भवतः अहिले कोही छैनन् । पुनले सन् २०१२ मा सूचना तथा प्रविधिमार्फत देश विकासका सम्भावनाको खोज र आविष्कार गर्ने उद्देश्यले 'राष्ट्रिय आविष्कार केन्द्र'को स्थापना गरेका थिए ।

हाल चितवनमा बस्दै आएका ७१ वर्षीय उनी राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पनि हुन् । पुनले सन् १९८९ मा नेब्रास्का विश्वविद्यालयबाट विज्ञान शिक्षामा स्नातकोत्तर हासिल गरेका थिए । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री बन्नुअघि उनी वीरगञ्जस्थित कृषि औजार कारखाना सञ्चालनका लागि आफ्नै जीवनीमा आधारित पुस्तक 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' बेच्दै नेपालका विभिन्न ठाउँमा घुमेका थिए ।

पुनले २०५८ देखि २०६४ सालको समयमा पोखरा, काठमाडौँलगायत सहर बजारमा सहज रूपमा कम्प्युटर र इन्टरनेट सुविधा नभएको अवस्थामा म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका विद्यालयहरूमा कम्प्युटर शिक्षाको सुरुवात र ताररहित इन्टरनेट सुविधा विस्तार गरेर संसारकै ध्यानाकर्षण गरेका थिए ।

पुनले ग्रामीण क्षेत्रमा सूचना प्रविधिको विकास र विस्तार गरेकामा सन् २००७ मा एसियाको नोबल पुरस्कारका रूपमा चिनिने ५० हजार डलरको म्यागासेसे पुरस्कार प्राप्त गरे । साथै, पुनले सन् २००२ मा अशोका फेलोसिप, इन्टरनेट हलअफ फेम, नेपाल सरकारबाट भवन कृत्तिरत्नसहित रु १० लाख नगद र गण्डकी प्रदेश सरकारबाट गण्डकी रत्न अवार्ड प्राप्त गरेका छन् ।

# पुस्तक समीक्षाः 'पहिलो आमनिर्वाचन २०१५'



प्रकाश सिलवाल

'इतिहास केवल अतितको कथा होइन, वर्तमानलाई बुझ्ने मार्ग पनि हो ।' भारत स्वतन्त्र भएपछिका तत्कालीन प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले भने झैँ इतिहासका घटनाहरूले वर्तमानलाई बुझाउन मद्दत गर्छ । इतिहासबाट पाठ सिकेर भविष्यको गोरेटो कोर्नुपर्छ पनि भनिन्छ तर इतिहासको विरासतले मात्रै वर्तमान र भविष्य चल्न सक्दैन पनि भनिन्छ ।

मुलुकमा प्रतिनिधिसभाको निर्वाचन (फागुन २१)कै बीच प्रकाशनमा आएको लेखक/पत्रकार विराट अनुपमद्वारा लिखित 'पहिलो आमनिर्वाचन २०१५'ले नेपालको निर्वाचन र लोकतान्त्रिक पद्धतिको इतिहासलाई पुनःस्मरण गराएको छ । पहिलो आम निर्वाचनमा दुईतिहाइको जनमत प्राप्त गरेको नेपाली काँग्रेस पछिल्लो निर्वाचनबाट निकै पछि परेको सन्दर्भले पनि पुस्तकलाई समयसापेक्ष बनाएको छ ।

इतिहासका घटना सम्झन नसक्नेले दुःखद् घटनालाई दोहोर्‍याउन बाध्य हुन्छ भन्ने भनाइलाई पनि निर्वाचन प्रणालीका उतारचढावले प्रदर्शन गर्दै नआएका होइनन् । यस पुस्तकले नेपाली निर्वाचन इतिहासको सोही ऐतिहासिक घटनालाई केन्द्रमा राखेर 'पहिलो आम निर्वाचन २०१५'लाई अभिलेखीकरण गरेको छ ।

नेपालमा २०१५ साल फागुन ७ गते पहिलो आम निर्वाचन भएको मितिलाई आधार मानेर हरेक फागुन ७ लाई निर्वाचन आयोगले निर्वाचन दिवसका रूपमा मनाउँदै पनि आएको छ । संयोग, त्यही दिन मुलुकको आधिकारिक समाचार समिति (रासस)को पनि स्थापना दिवस हो ।

नेपालको पहिलो आम निर्वाचनमा नेपाली काँग्रेसको 'रुख', नेपाल राष्ट्रवादी गोर्खा परिषद्को झुपडी (घर), संयुक्त प्रजातन्त्र पार्टीको 'धानको बाला', नेपाल कम्युनिस्ट पार्टीको 'मकैका तीन घोगा र हँसिया', नेपाल प्रजा परिषद् (टङ्कप्रसाद आचार्य समूह)को 'धन कोदालो', नेपाल प्रजा परिषद् (भद्रकाली मिश्र समूह)को 'हलो', नेपाली राष्ट्रिय काँग्रेसको 'छाता', तराई काँग्रेसको 'टाउकोमा गहुँको बिटा बोक्ने कृषक', प्रजातान्त्रिक महासभाको 'हात' निर्वाचन चिन्ह रहेको थियो । स्वतन्त्र उम्मेदवार विभिन्न निर्वाचन चिन्हमा लडेका थिए ।

देशभरका १०९ क्षेत्रमा भएको उक्त निर्वाचनमा उम्मेदवारको धरौटी रु २५० र खर्चसीमा रु पाँच हजार रहेको रोचक तथ्यहरू पनि पुस्तकमा रहेका छन् । त्यस निर्वाचनमा १०९ स्थानका लागि ७८६ उम्मेदवार रहेकामा नेपाली काँग्रेसले ७४ स्थानमा विजय हासिल गरेको थियो । दुईतिहाइ मत ल्याएसँगै सो दलबाट विपी कोइराला प्रधानमन्त्री बन्नुभएको थियो । आफूले सोचेभन्दा बढी मत काँग्रेसले पाएपछि तत्कालीन राजा महेन्द्र र काँग्रेस तथा प्रधानमन्त्री कोइरालाबीच दूरी बढेको सन्दर्भ पुस्तमा रहेको छ । त्यही दूरी बढेको घटनाक्रमले २०१७ पुस १ गते राजाले प्रधानमन्त्रीलाई अपदस्थ र संसद् विघटन गरी तीस वर्षसम्म पञ्चायती शासन चलाएको इतिहास ताजै छ ।

जेनजी आन्दोलनपछि विशेष परिस्थितिमा भएको प्रतिनिधिसभा निर्वाचनको परिणाम कतिपयलाई रोचक लागिरहेका बेला प्रकाशित पुस्तकले नेपालको पहिलो संसदीय निर्वाचनको पृष्ठभूमि, प्रक्रिया, राजनीतिक वातावरण तथा परिणामलाई तथ्यगत, खोजपरक र विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरेको छ ।

पुस्तकमा २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि विकसित राजनीतिक परिस्थिति, तत्कालीन राजतन्त्र र दलहरूको अन्तरसंघर्ष, प्रजातन्त्रको सवलीकरणका लागि दलहरूको सक्रियता, ती दलहरूभित्रका विवाद र गुट-उपगुट आदिलाई चर्चा गरिएको छ । नेपालको लोकतान्त्रिक प्रणाली, राजाको निरकुङ्शता र संवैधानिक विकासक्रमलाई विस्तृतरूपमा व्याख्या गरिएको पुस्तक राजनीति शास्त्रका जिज्ञाशुहरूका लागि गहकिलो खुराक भएको छ ।

मुलुकमा २००७ सालमा प्रजातन्त्र आए पनि किन २०१५ सालमा मात्रै संसदीय निर्वाचन हुन पुग्यो र त्यो निर्वाचन हुन कसरी सम्भव भयो, भन्ने ऐतिहासिक सन्दर्भलाई बुझ्न पुस्तकले सघाएको छ । अन्तरराष्ट्रिय मामिलाका पनि अध्येता अनुपमकृत पुस्तकमा त्यसबेलाको निर्वाचन व्यवस्थापन, दलहरूको चुनावी रणनीति, निर्वाचन घोषणापत्र, मतदाताको सहभागिता तथा निर्वाचन परिणामलाई विभिन्न स्रोत र तथ्यांकका आधारमा प्रस्तुत गरेका छन् ।

त्यसबेलाका दल र उम्मेदवार, निर्वाचन चिन्ह, निर्वाचन क्षेत्र र निर्वाचन गराउने अधिकृतहरू, प्राप्त मत परिणाम पनि समावेश गरिएको छ । यसअघि निर्वाचन आयोगबाट नेपालको निर्वाचन इतिहासका शृंखलाबद्ध पुस्तक प्रकाशन भए पनि राजनीतिक स्थिति र विवेचनासहितको यस प्रकारको पुस्तक भने बजारमा उपलब्ध थिएन ।

निर्वाचनसम्बन्धी ऐतिहासिक दस्तावेज, तथ्यांक र अभिलेखको प्रयोग विवरणात्मक नभइ विश्लेषण र विवेचनात्मकरूपमा प्रस्तुत गरिएको छ । नेपालमा लोकतान्त्रिक अभ्यासको प्रारम्भिक चरण बुझ्न चाहने पाठक, अनुसन्धानकर्ता तथा विद्यार्थीका लागि यो पुस्तक उपयोगी स्रोत बन्न सक्छ । लेखक अनुपम पत्रकारितमै सक्रिय रहेकाले पुस्तकको भाषाशैली सरल र सुस्पष्ट देखिन्छ । इतिहासका विषय पढ्न निरस लाग्ने भए पनि लेखकको विवरण केलाउने र रोचक बनाउने शैलीले पुस्तक पढ्दा पाठकलाई अल्छी लाग्दैन ।

नेपालको संसदीय इतिहासमा महत्वपूर्ण मानिने यस प्रकाशनले २०१५ सालअघि र पछिका राजनीति घटनाक्रमलाई पनि मूल्याङ्कन गर्न प्रेरित गरेको मान्न सकिन्छ । पछिल्लो समयमा अहिलेको युवा पुस्ताको राजनीतिक सहभागिता र उनीहरूको अपेक्षा एवं चाहनालाई राज्यका नीति निर्माण तथा सेवा प्रवाह (सुशासन)मा प्रकट हुनुपर्ने सन्दर्भ जोडतोडका साथ उठिरहेका बेला नेपालको पहिलो आम निर्वाचनताका पनि फरक शब्दावलीमा ती विषय उठेकै रहेछन् भन्ने देखिन्छ ।

नयाँ पुस्तकले मुलुकको राजनीति र लोकतान्त्रिक अभ्यासबारे चासो दिनु आफैँमा प्रणालीका लागि सकारात्मक पक्ष हो । यस पक्षलाई मनन् गर्न सघाउन पुस्तक उपयोगी हुने देखिन्छ । पहिलो आम निर्वाचन भएका बेला मुलुकमा यातायात र सञ्चारलगायत साधनको अपर्याप्तताका कारण चरणबद्धरूपमा निर्वाचन भएको र निर्वाचनको परिणाम आइपुग्दासम्म ८० दिन लागेका विवरण पुस्तकमा समोटिएको छ ।

'बुक हिल' प्रकाशनद्वारा प्रकाशित पुस्तकमा अधिकांशः त्यस समयमा उपलब्ध अखिलेख र तथ्यांक तथा विवेच्य पक्षहरू समावेश भए पनि 'तथ्यांकीय टेबुलेसन', त्यसबेलाका तस्बिर भने समेटिएको छैन ।

यस्तै त्यसबेला अस्तित्वमा रहेका दलहरू र तिनका धारहरू अहिलेका कुन दल र पक्षसँग गाभिए वा कसरी बिलाएर गए भन्ने पक्षको पनि विशलेषण गरिएको भए सुनमा सुगन्ध हुने थियो । समग्रमा नेपालको निर्वाचन इतिहास लोकतान्त्रिक उतारचढावलाई मिहीन रूपमा अध्ययन र विश्लेषण गर्न पुस्तक सामयिक देखिन्छ ।

# कालिकाखेतुका स्वास्थ्यकर्मीले अझै तलब पाएनन्

मिसन संवाददाता
*जुम्ला, २ चैत*

जिल्लाको हिमा गाउँपालिका-५ कालिकाखेतुस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा सेवा प्रदान गर्दै आएका चिकित्सकले सेवासुविधा वापतको तलब नपाएको गुनासो गरेका छन् ।

दुर्गम ठाउँमा सेवा प्रवाह गर्दै आएका डाक्टर आशिष प्याकुरेलसहित एक जना बिएन नर्सिङ र अन्य दुई जना कर्मचारीले तलब तथा अन्य सेवा सुविधा नपाएको गुनासो गरेका हुन् । उनीहरूले २०८२ कात्तिक महिनादेखि तलब नपाएको बताएका छन् ।

चिकित्सकको दरबन्दी रहेको प्राथमिक स्वास्थ्य केन्द्रले करारमा भए पनि डाक्टर प्राप्त गरेको थियो । निर्वाध रूपमा सेवा प्रवाह गर्दै आएका चिकित्सकले समयमै सेवासुविधा तलव नपाउनु दुःखद् पक्ष हो । यस्ता समस्याले पुन दुर्गमका बिरामीले सहजै रूपमा चिकित्सकीय सेवा पाउन समस्या हुने देखिएको छ ।

लामो समयसम्म सेवासुविधा तलब नपाउँदा दुर्गममा बस्न र खर्च व्यवस्थापनमा समेत समस्या भएको डाक्टर आशिष प्याकुरेलले बताए । छात्रवृत्ति करारमा सेवा प्रवाह गर्दै आएका अन्य स्वास्थ्यकर्मीले पनि चार महिनादेखि तलब नपाएको उनको गुनासो छ ।

उनका अनुसार कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हुँदै जनस्वास्थ्य कार्यालय जुम्लामार्फत छात्रवृत्ति करारमा सेवा प्रवाह गर्ने कार्य जारी राखेका छन् ।

'दुर्गममा काम गर्ने भनेरै आएको हो । दुर्गमका बिरामीको सेवा गर्नु पर्दछ भन्ने मान्यता हो । तर पाउने सुविधा समयमा नपाउनु दुःखद् पक्ष छ,' उनले भने, 'सम्बन्धित निकायले समयमा सुनुवाइ गरिदिनु पर्‍यो । तर जनस्वास्थ्य कार्यालय जुम्लालाई तलव सुविधाका लागि गुनासो गर्दा पनि समस्याको समाधान भएको छैन ।'

यसबारे जनस्वास्थ्य कार्यालयलाई भन्दा प्रदेशबाट निकास आएको छैन भनेर जवाफ दिने गरेको उनी बताउँछन् । तर प्रदेशमा बुझ्दा केन्द्रबाट रकम निकासा नभएको भन्ने कुरा सुनाउने गरेको उनले गुनासो गरे । यसले स्वास्थ्यकर्मीहरूमा काम गर्ने जाँगर मरेको बताउँछन् ।

सरदर दैनिक २०-२५ जना बिरामी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गर्न आउने गरेका छन् । प्रसूति सेवासमेत प्रवाह गर्दै आएको प्राथमिक स्वास्थ्य केन्द्रमा जटिल किसिमका बिरामीलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा रेफर गर्ने गरिएको डाक्टर प्याकुरेलले बताए ।

'यहाँको एक्सरे मेसिन पनि लामो समयदेखि मर्मत नभएर थन्किएको छ । ल्याब सेवा चले पनि केमिकल जस्ता कुरा समयमा नआउँदा उपचारमा पनि समस्या हुन्छ,' उनले थपे, 'चिकित्सकसँग आवश्यक औजार, उपकरण, मेसिन भएपछि बिरामीले छिटोछरितो सेवा पाउने हुन्, तर त्यसो हुन सकिरहेको छैन ।'

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका सूचना अधिकारी देविप्रसाद पौडेलका अनुसार संघीय सरकार स्वास्थ्य मन्त्रालयमार्फत तलब रकम निकास आउनुपर्ने हो । तर निकासा ढिला आएकोले समयमा तलब उपलब्ध हुनसकेको छैन ।

'कात्तिक महिनामै निकासा माग गरिएको थियो । तर बल्ल रकम निकासा आएको छ,' उनले भने, 'अर्थमन्त्रालयमा रकम बाँडफाँट भएर यसै चैत महिनाको ७-८ गतेभित्रै रकम जिल्ला जिल्लामा जान्छ र चिकित्सकहरूले तलव भत्ता पाउने छन् ।'

# राष्ट्रिय निकुञ्जमा सिकार खेल्न गएका पाँच जना १० दिनदेखि बेपत्ता

मिसन संवाददाता
*सुर्खेत, २ चैत*

बर्दिया राष्ट्रिय निकुञ्जमा सिकार खेल्न गएका सुर्खेतका पाँच जना १० दिनदेखि बेपत्ता भएका छन् ।

बेपत्ता हुनेमा जिल्लाको बराहताल गाउँपालिका–१ ज्यामिरेका २५ वर्षीय रेशम समसेली, ४१ वर्षीय रविलाल दमाई, ३४ वर्षीय रामबहादुर घर्ती, ३० वर्षीय सुनिल समसेली र लेकवेशी नगरपालिका–८ गंगटे घर भई हाल बर्दिया बस्ने ४५ वर्षीय दुर्गाबहादुर सिजाली रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक मोहनजंग बुद्ध थापाका अनुसार, आइतबार बेलुका ५ बजेतिर बराहताल गाउँपालिका-२ का आसे महतराले उक्त घटनाबारे प्रहरीकहाँ जानकारी गराएका थिए । उनले आफ्नो साला नाता पर्ने ३३ वर्षीय टोपबहादुर खत्रीसहित फागुन २३ गते सिकार खेल्ने गएको तर अहिलेसम्म नफर्केको भनेका थिए ।

महतराका अनुसार उनीहरू फागुन २३ गते गाउँदेखि १७ किलोमिटर दक्षिणतर्फ रहेको बर्दिया राष्ट्रिय निकुञ्जतर्फ सिकार खेल्न गएका थिए । हाल प्रहरी सहायक निरीक्षक टोपेन्द्रसिंह ठकुरीको कमाण्डमा ४ जनाको प्रहरी टोली खोजी कार्यमा खटिएको छ भने जिल्ला प्रहरी कार्यालय बर्दियालाई समेत जानकारी गराइएको सुर्खेत प्रहरीले जनाएको छ ।

पछिल्लो समय निकुञ्ज क्षेत्रमा चोरी सिकारीका घटना बढ्न थालेपछि सुरक्षा सतर्कता पनि कडा पारिएको छ । वन्यजन्तु तथा प्राकृतिक स्रोतको संरक्षणका लागि निकुञ्ज प्रशासनले सुरक्षा गस्ती बढाएको जनाएको छ ।

निकुञ्ज प्रशासनका अनुसार पछिल्ला केही महिनामा वन्यजन्तुको अवैध सिकार तथा जाल-पासो राख्ने प्रयास बढेको संकेत पाएपछि सुरक्षा संयन्त्र सक्रिय बनाइएको हो ।

चोरी सिकारी रोक्न नेपाली सेना, निकुञ्जका कर्मचारी र सामुदायिक वन उपभोक्ता समूहको संयुक्त टोलीले नियमित गस्ती पनि जारी राखेको छ । निकुञ्जभित्र र आसपासका संवेदनशील क्षेत्रहरूमा विशेष निगरानी बढाइएको छ भने शंकास्पद गतिविधि देखिए तत्काल कारबाही गर्ने तयारी गरिएको निकुञ्ज प्रशासनले जनाएको छ ।

वन्यजन्तुक्षेत्रमा सिकारका लागि जाल, पासो र हतियार प्रयोग हुने गरेको सूचनाका आधारमा ती सामग्री नियन्त्रणमा लिन पनि गस्ती टोली सक्रिय छ । दुर्लभ वन्यजन्तुको बासस्थान रहेको निकुञ्जमा चोरी सिकारी नियन्त्रण गर्नु चुनौतीपूर्ण बन्दै गएको छ ।


## Triveni Rural Municipality
## Office of The Rural Municipal Executive
**Luham, Salyan**
**Karnali Province, Nepal**

### Invitation for sealed Quotation

**First date of Publication: 2026/03/17**

The Offfice of the Rural Municipal executive, Luham, Salyan invites electronic bids for Nepalese eligible bidders for the following project given below from the www.bolpatra.gov.np

| SN | Contract No. (IFB No.) | Description of Work | Estimated Amount NRS (with Vat ) | Bid Security Amount (NRS). | Bid Security Validity Period from last date of bid submmition | Cost of Bidding Documen (NRs.) |
|---|---|---|---|---|---|---|
| 01 | TRM/SLN/G/ 2/082/083 | Karaylaya Samagri Tatha Masalanda Kaharid | 11,00,009.98 | 28000 | 75 days | 1000.00 |

**Chief Administrative Officer**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३ गते**

यस कम्पनीको मिति २०८२/११/२० को विशेष साधारण सभाको निर्णय बमोजिम साविकको जे.डी.एस.आईरन (दर्ता नं. ३७०१७४) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीको नाम माहावीर हार्डवेयरले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/१२/०२ मा स्वीकृत भए बमोजिम कायम भएको व्यहोरा सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपालगञ्ज उप-महानगरपालिका कार्यालय
**(नक्शा उपशाखा)**
**नेपालगञ्ज, बाँके**

### नक्सा पास सम्बन्धी सूचना

नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १८ बस्ने श्री मिनु शाही शाह ले मेरो नाममा दर्ता रहेको बाँके ने.गं.उ.म.न.पा. साविक वडा नं. कारकाँदो-९ हाल वडा नं. १८ को कि.नं. ९०५, ९०९ ज.वि. ०-०-९ जग्गामा घर निर्माण गर्नका लागि नक्सा इजाजत पाउँ भनि मिति २०८२/११/१२ मा नक्सा सहितको निवेदन पेश गर्नुभएकोले नकसा पास सम्बन्धी आवश्यक प्रक्रिया पुरा गरी स्थलगत सरजमीन बुझ्दा पश्चिम-कि.नं. ९०६ को ज धनी संधियार फिल्डमा उपस्थित नहुनु भएकोले नक्सा पास कार्य रोकिने भएको हुँदा कोही कसैको दावी विरोध भए आफ्नो स-प्रमाण सहितको यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा उपस्थित हुनुहोला अन्यथा कानून बमोजिम निजको नाममा नक्सा पास भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## भूमिसुधार तथा मालपोत कार्यालय
**नेपालगन्ज, बाँके**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति–२०८२।१२।०३**

प्रस्तुत विषयमा बाँके जिल्ला नेपालगञ्ज उम.न.पा. वडा नं. २० बस्ने बजरं कुर्मीको छोरा मेघनाथ कुर्मीले मेरो नाममा दर्ता कायम रहेको मनिकापुर गा.वि.स. वडा नं. ८क र गनापुर गा.वि.स.वडा नं. ९ ख को तपसिलमा उल्लेखित कि.नं. को जग्गाहरुको श्रेस्ता कायमको लागि भूमिसुधार तथा मालपोत कार्यालय बाँकेमा गई मोठ भिडाउँदा मोठ फाँटबाट तपसिलमा उल्लेखित कि.नं. को जग्गाहरु L.R.I.M.S. प्रणालिमा इन्ट्री नभएको भनी कैफियत लेखी आएकोमाL.R.I.M.S.प्रणालीमाईन्ट्रीगरीनष्टभएकोश्रेस्ताकायमगरीपाउँभनीयसकार्यालयमा निवेदन पेश गरेकोमा । तपसिलमा उल्लेखित जग्गाहरु यस कार्यालयको LRIMS प्रणालीमा ईन्ट्री गरी जग्गा जग्गाधनी मेघनाथ कुर्मिको नाममा जग्गाधनि दर्ता श्रेस्ता कायम गर्दा उक्त जग्गाहरुमा निवेदक बाहेक अन्य कोही कसैको हक भोग लाग्ने भए वा निवेदकहरुको माग अनुसार गर्न नपर्ने भए सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सबुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु भनि होला । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षे.फ. | जग्गाधनी |
|---|---|---|---|---|---|---|
| १. | बाँके | मनिकापुर | ८क | ४६२ | ०-१-१४.५ | मेघनाथ कुर्मी |
| २. | बाँके | गनापुर | ९ख | १४१ | ०-०-९ | मेघनाथ कुर्मी |
| ३. | बाँके | गनापुर | ९ख | ११५ | ०-११-७ | मेघनाथ कुर्मी |

## श्री सहिद स्मृति आधारभूत विद्यालय
**बुटवल–११, रुपन्देही**

### शिक्षक आवश्यकता

उपरोक्त सम्बन्धमा बुटवल उम.न.पा.को मिति २०८२/११/२९ च.नं. २०७९ को प्राप्त पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१२/०१ को बैठकको निर्णय अनुसार नि.मा.वि. तहको विज्ञान विषय अध्यापन गराउने एक जना शिक्षकको पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट तपशिलको शर्त र अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र विद्यालयमा दरखास्त दिन हुन सूचित गरिन्छ । म्याद नाघी आएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद / तह | विषय | किसिम | संख्या |
|---|---|---|---|---|---|
| १. | ०१/०८२/०८३ | नि.मा.वि.शिक्षक | विज्ञान | नगर अनुदान करार | १ |

**आवश्यक कागजातहरु**

१. आवश्यक यूनतम योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय लिई प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण गरेको प्रमाण पत्रको प्रतिलिपी ।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
३. अध्यापन अनुमति पत्रको प्रतिलिपी ।
४. उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
५. दरखास्त दस्तुरः रु.१५००/-
६. दरखास्त दिने अन्तिम मिति तथा सम्पर्क मिति : २०८२/१२/१५ गते विद्यालय समयभित्र
७. तलब स्केलः न.पा.को नियम अनुसार ।

*सम्पर्क नम्बरः ९८४७०३३३२४, ९८५७०३८५४०*

**प्रधानाध्यापक**

## शिवालय गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सिमा, जाजरकोट**
**कर्णाली प्रदेश, नेपाल**

### ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा सङ्कलन र विक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०८२।१२।०३ गते)**

यस गाउँपालिकाको आन्तरिक आय सङ्कलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को घ(६) सोही ऐनको दफा ६२ क(१) र शिवालय गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्तअनुसार आर्थीक वर्ष २०८२।०८३ का लागि यस गाउँपालिका क्षेत्र भित्र बाट बग्ने नदिको तोकिएका क्षेत्रहरुबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ) उत्खननु तथा सङ्कलन र विक्री सम्बन्धी तपशिलको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले न्यूनतम ठेक्का अंकमा नघट्ने गरि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको बोलपत्र पेश गर्न बोलपत्रदाताहरुले कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा शिवालय गाउँपालिका, हिमालयन बैंक लिमिटेड शाखा शिवालयमा रहेको यस कार्यालयको खाता नं.१२०५१९७४२५००३८ मा नगद जम्मा गरेको भौचर पेश गर्नुपर्ने छ वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ७५ दिन मान्य अवधि भएको बैंक जमानत (द्यष्म द्ययलम) धरौटी स्वरुप पेश गर्नुपर्ने छ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८३ साल जेठ मसान्त सम्म कायम हुनेछ । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशःलगतै कार्यालय खुलेको दिनमा हुनेछ । यो बोलपत्र शिवालय गाउँपालिकाको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । बोलपत्र सम्बन्धी अन्य थप केही कुराहरु बुझ्नु परेमा यस कार्यालयको फोन नं. ९८५८०८४५२२/०८९-५९४६००, कार्यालयको ईमेल shibalayamun@gmail.com तथा PPMO's Website: www.bolpatra.gov.np/egp. बाट थप जानकारी लिन सकिनेछ ।

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | कुल नदिजन्य पदार्थ उत्खनन् तथा सङ्कलन (घन.मि) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मु.अ.कर सहित) | बोलपत्र फारम दस्तुर | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | SRM/SQ/RIVER BED/GOODS/2082/083-01 | शिवालय गाउँपालिका क्षेत्र भित्रको थालाखोला (बासखोला) शिवालय-६ र ७ IEE मा उल्लेखित क्षेत्र | १०००० घन.मि | १९,९३,७४६।६९ | १०००.०० एक हजार रुपैया मात्र । | २०८२।१२।१८ गते दिनको २:०० बजे |
| २ | SRM/SQ/RIVER BED/GOODS/2082/083-02 | शिवालय गाउँपालिका क्षेत्र भित्रको थालाखोला (बडाखेत, कोप्चीरह) शिवालय-५ र ७ IEE मा उल्लेखित क्षेत्र | ३०२५ घन.मि | ६,०३,१०८।३७ | १०००.०० एक हजार रुपैया मात्र । | २०८२।१२।१८ गते दिनको २:०० बजे |
| ३ | SRM/SQ/RIVER BED/GOODS/2082/083-03 | शिवालय गाउँपालिका क्षेत्र भित्रको थालाखोला (ऐरेरी-१, ऐरेरी-२ ऐरेरी-३) शिवालय-२,३ र ८ IEE मा उल्लेखित क्षेत्र | ७६०० घन.मि | १५,१५,२४७।४८ | १०००.०० एक हजार रुपैया मात्र । | २०८२।१२।१८ गते दिनको २:०० बजे |
| ४ | SRM/SQ/RIVER BED/GOODS/2082/083-04 | शिवालय गाउँपालिका क्षेत्र भित्रको थालाखोला र छेडाखोला (बालुवाबजार र मोर्क बजार, क्रसरक्षेत्र) शिवालय-१ र ९ IEE मा उल्लेखित क्षेत्र | ७२२५ घन.मि | १४,४०,४८१।९८ | १०००.०० एक हजार रुपैया मात्र । | २०८२।१२।१८ गते दिनको २:०० बजे |
| ५ | SRM/SQ/RIVER BED/GOODS/2082/083-05 | शिवालय गाउँपालिका क्षेत्र भित्रको छेडाखोला सालतरा शिवालय-०१ IEE मा उल्लेखित क्षेत्र | ८००० घन.मि | १५,९४,९९७।३५ | १०००.०० एक हजार रुपैया मात्र । | २०८२।१२।१८ गते दिनको २:०० बजे |
| ६ | SRM/SQ/RIVER BED/GOODS/2082/083-06 | शिवालय गाउँपालिका क्षेत्र भित्रको छेडाखोला र भेरी नदि दोभान-१ र दोभान-२ शिवालय-०१ IEE मा उल्लेखित क्षेत्र | ६३७५ घन.मि | १२,७१,०१३।५१ | १०००.०० एक हजार रुपैया मात्र । | २०८२।१२।१८ गते दिनको २:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

# सुदूरपश्चिमबाट ११ जना छानिए समानुपातिक सांसद

**मिसन संवाददाता**
*सुदूरपश्चिम, २ चैत*



सुदूरपश्चिमबाट ११ जना समानुपातिक सांसद बन्ने भएका छन् । थ्रेस होल्ड कटाएर समानुपातिकमा सिट पाएका राजनीतिक दलहरूले बन्द सूचीमा रहेका नाम छानेर निर्वाचन आयोगमा बुझाउँदा सुदूरपश्चिमका ११ जना अटाएका हुन् ।

रास्वपाले सुदूरपश्चिमबाट छ, नेकपाले तीन तथा नेपाली काँग्रेस र एमालेले एक/एक जनालाई सांसद बनाउन आयोगलाई नाम पठाएको छ । प्रत्यक्षमा प्रदेशमा रहेका १६ मध्ये १० सिटमा जित निकालेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) समानुपातिकमा सुदूरपश्चिमका छ जनालाई समेटेको छ ।

रास्वपाको सचिवालय बैठकले आइतबार टुंगो लगाएर नाम निर्वाचन आयोगमा सिफारिस गरेको छ । उक्त सूचीअनुसार खसआर्य महिलाको पहिलो नम्बरमा कञ्चनपुरकी प्रतिभा रावलको नाम छ । सोही क्लस्टरमा डडेल्धुराकी आकृती अवस्थी, अछामकी टीका संग्रौला र रत्ना थापा पनि अटाएकी छिन् । संग्रौला र थापा पिछडिएको क्षेत्रबाट सांसद बन्न लागेका हुन् ।

यस्तै थारु महिला क्लस्टरबाट रास्वपाले कैलालीकी करिश्मा कठरिया र कञ्चनपुरकी गीता चौधरीको नाम पनि समेटेको छ ।

प्रत्यक्षमा निल भएको नेपाली कम्युनिस्ट पार्टीले भने सुदूरपश्चिमबाट समानुपातिकमा तीन जनालाई सांसद बनाउने भएको छ । थारु महिलामा कञ्चनपुरकी निराशा चौधरी, अपाङ्गतामा कैलालीका प्रेम बयक र दलित क्लस्टरमा बझाङका गणेशबहादुर बिकलाई नेकपाले सांसद बनाउन निर्वाचन आयोगलाई नाम पठाएको हो । प्रत्यक्षतर्फ प्रदेशभर तीन/तीन सिट जितेका नेपाली काँग्रेस र नेकपा एमालेले भने समानुपातिकका सुदूरपश्चिमका एक/एक जनालाई मात्रै सांसद बनाउने भएका छन् । काँग्रेसले दलित महिलाको क्लस्टरबाट डडेल्धुराकी हरिनादेवी कामी र एमालेले थारु क्लस्टरबाट कञ्चनपुरका कृपाराम रानालाई सांसद बनाउन आयोगमा नाम पठाएको छ ।

# पेट्रोलियम पदार्थको कृत्रिम अभाव नगर्न कैलाली उवासंघको चेतावनी

**मिसन संवाददाता**
*धनगढी, २ चैत*

कैलाली उद्योग वाणिज्य संघले हाल बजारमा देखिएको पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्ति समस्यालाई लिएर आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । संघले एक प्रेस विज्ञप्ति जारी गर्दै मध्यपूर्वमा जारी युद्धका कारण विश्वव्यापी रूपमै इन्धन आपूर्तिमा असर परेको र त्यसको प्रत्यक्ष प्रभाव नेपालमा पनि देखिएको उल्लेख गरेको छ । विगत केही दिनदेखि बजारमा पेट्रोलियम पदार्थ र ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने तथा कालोबजारी भइरहेको भन्ने गुनासो र समाचारहरू प्राप्त भएको भन्दै संघले यस्ता गतिविधि नगर्न व्यवसायीहरूलाई सचेत गराएको छ । विज्ञप्तिमा भनिएको छ, 'यस्तो विषम अवस्थामा आम उपभोक्ता तथा राज्यप्रति जिम्मेवार र उत्तरदायी बनी आपूर्ति प्रक्रियालाई सहज बनाउनु सम्पूर्ण व्यवसायीहरूको प्रमुख कर्तव्य हो ।' संघले आपूर्ति व्यवस्थालाई सहज बनाउन सरकारको ध्यानाकर्षण गराउँदै सरकारले निर्धारण गरेको तौल र मूल्यमा सामान उपलब्ध गराउन व्यवसायीहरूलाई आह्वान गरेको छ । साथै, उपभोक्ताहरूलाई पनि आवश्यकताभन्दा बढी इन्धन र ग्यास सञ्चित नगर्न र तोकिएको मूल्य तथा तौलमा मात्र खरिद गर्न अनुरोध गरिएको छ ।

कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज ओझाद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकारले तोकेको तौल, गुणस्तर र मूल्यमा कुनै पनि किसिमको चुहावट वा कालोबजारी भएमा त्यसको जिम्मेवारी संघले लिने छैन ।' यस्ता गैरकानुनी क्रियाकलापमा संलग्न व्यक्ति वा संस्था स्वयं कारबाहीको भागिदार हुनुपर्ने चेतावनी समेत संघले दिएको छ ।

# ग्यास आपूर्ति सहज बनाउन प्रशासनको ८ बुँदे निर्देशन

**मिसन संवाददाता**
*धनगढी, २ चैत*

कैलाली जिल्लामा खाना पकाउने ग्यासको सम्भावित अभावलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय कैलालीले आपूर्ति व्यवस्थालाई सहज र पारदर्शी बनाउन कडा निर्देशन जारी गरेको छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सरोकारवाला निकायहरूसँग बसेको बैठकले ग्यासको बिक्री वितरणलाई व्यवस्थित गर्न आँठबुँदे निर्णय सार्वजनिक गरेको हो ।

हालको विद्यमान परिस्थितिका कारण बजारमा ग्यासको अभाव हुन सक्ने त्रासका बीच उपभोक्ताको हित संरक्षण गर्न प्रशासनले यो कदम चालेको जनाएको छ । सूचनामा व्यवसायी र उपभोक्ता दुवैलाई जिम्मेवार बन्न आग्रह गर्दै कुनै पनि प्रकारको उल्लंघन भएमा प्रचलित कानुनबमोजिम कडा सजाय हुने चेतावनी समेत दिइएको छ ।

ग्यासको बिक्री वितरण प्रचलित कानुनअनुसार अनुमतिप्राप्त आधिकारिक डिलरहरूले मात्र गर्नुपर्ने, खुद्रा बिक्री मूल्यमा जथाभाबी वृद्धि गर्न पाइने छैन । तोकिएको दररेटमा मात्र ग्यास बिक्री गर्नुपर्ने, ग्यास सिलिन्डरको तौलमा कुनै पनि प्रकारको तलमाथि वा ठगी गर्न पूर्णरूपमा निषेध गरिने, बजारमा सामान भएर पनि लुकाउने वा कृत्रिम अभाव सिर्जना गर्ने कार्य गरेमा कारबाही गरिने, आवश्यकताभन्दा बढी ग्यास सिलिन्डरहरू अनावश्यक रूपमा घर वा पसलमा भण्डारण नगर्न प्रशासनले अनुरोध गरेको छ भने बोतल, जर्किन वा अन्य असुरक्षित भाँडामा इन्धन ओसारपसार र बिक्री वितरण गर्न पाइने छैन ।

प्रशासनले ग्यासको परनिर्भरता कम गर्न र सम्भावित संकट टार्नका लागि सम्भव भएसम्म इन्डक्सन चुलो र विद्युतीय हिटर जस्ता वैकल्पिक उपकरणहरूको प्रयोगलाई प्रोत्साहन गर्न सर्वसाधारणमा अपिल गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीद्वारा हस्ताक्षर गरिएको सो सूचनामा स्वीकृत वितरण प्रणाली र मापदण्डअनुसार मात्र कार्य गर्न सरोकारवाला सबैलाई सचेत गराइएको छ । बजारमा ग्यासको सहज उपलब्धता सुनिश्चित गर्न प्रशासनले नियमित अनुगमन समेत गर्ने तयारी गरेको छ ।


**Malaysia मा रोजगार** **1. NSK TRADING SDN. BHD.**

पुर्व स्वीकृती मितिः २०८२/१२/२ चलानी नं. ६०२५३४८१ LT No.: 340044

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker/P.O. | 40 | 0 | [illegible] | 1700 | ६३,७६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

**2. CHERY CORPORATE MALAYSIA SDN. BHD.** पुर्व स्वीकृती मितिः २०८२/१२/२ चलानी नं. ६०२५३४८० LT No.: 340043

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker/Factory Worker | 120 | 0 | [illegible] | 1700 | ६३,७६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ चैत्र १० गते (24 March, 2026) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**Gulf Jobs Hunts Manpowers Pvt. Ltd.**
KMC-26, Townplaning, Gongabu Nepal, Ph. : 01-4975955
Email : babugulfjobshunts@gmail.com
Govt. Lic. No.: 872/066/067


# नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
## उत्तर-दक्षिण/ब्यापारिक मार्ग विस्तार आयोजना निदेशानालय
## कर्णाली करिडोर उत्तर खण्ड (हिल्सा-सिमिकोट सडक योजना)
सिमिकोट, हुम्ला

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

प्रकाशित मितिः २०८२/१२/०३

यस योजना कार्यालयबाट मिति २०८२/०९/३० मा PPMO को web portal www.bolpatra.gov.np/egp तथा मिसन टुडे राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं.: 03-082-83 बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरु मध्ये न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिएको तपसिल बमोजिमका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम | कबोल अंक रू. (मू.अ. कर र पि.एस.सहित) |
|---|---|---|---|---|
| १. | HSRP/337011184/ 082/83-04 | Road Upgrading/Improvement Back/New cutting, gravelling worksincluding Retaining and drainage structure works along Tumkot bridge To Ilangkandha Section | M/s SKNS-BC-BNS JV, Banke | 6,59,74,257.42 |

योजना प्रमुख

# शिवालय गाउँपालिका
## Shivalaya Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive
सिमा, जाजरकोट
Sima, Jajarkot
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

**ठेक्का सम्झौता अन्त्य किन नगर्ने बारे अत्यन्त जरुरी सूचना !**

प्रकाशित मितिः २०८२।१२।०३

यस गाउँपालिकाको कार्यालय अन्तर्गत तपशिल बमोजिमका ठेक्काहरुमा सम्बन्धित निर्माण व्यवसायीहरुलाई तोकिएको समय सीमा भित्रै कार्य सम्पन्न गर्न पटक पटक मौखिक/लिखित रुपमा जानकारी गराउँदा समेत लामो समय देखि निर्माण कार्य सम्पन्न गर्ने तदारुकता नदेखाएको, लिखित प्रतिबद्धता तथा पेश भएको संशोधित कार्यतालिका अनुसार अपेक्षित प्रगति हासिल नगरेको हुँदा ठेक्का सम्झौता अन्त्य किन नगर्ने ? यस सम्बन्धमा उचित कारण तथा प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आधिकारिक प्रतिनिधि स्वयं अनिवार्यरुपमा गाउँपालिकाको कार्यालयमा उपस्थित भई लिखित जवाफ पेश गर्नुहुन अनुरोध छ। अन्यथा खरिद सम्झौताको शर्त, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का अन्त्य गरी कारवाही गर्ने तर्फ आवश्यक प्रकृया अगाडि बढाईने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| क्र.सं. | ठेक्का नं. र कार्यको विवरण | निर्माण व्यवसायीको नाम, ठेगाना |
|---|---|---|
| १. | Construction of Basic Health Service Center Building for Ward no.6 Contract ID: (SRM/NCB/WORKS/2076-77/05) | Sai Baba and Tara Construction, Khalanga-02, Jajarkot |
| २. | Construction of Shivalaya Rural Municipality Office Building Contract ID: SRM/NCB/WORKS/BUILDING/2077-078/03) | Amar-Sisne J/V Nepalgunj-02, Banke |
| ३. | Construction of Aale – Nimeli – Kosetakura Road Project Shivalaya Rural Municipality-02, Jajarkot (Contract ID: SRM/NCB/WORKS/081/082-03) | Gaurigoma Nirman Sewa Pvt.Ltd., Sharada-08, Salyan |
| ४. | Construction of Shivalaya Tanga Chiudwa Rakma Khaneta Road Project Shivalaya-3, Jajarkot (Contract ID: SRM/NCB/WORKS/081/082-02) | Maharundra Nirman Sewa, Kohalpur, Banke |
| ५. | Construction of Baluwa Badakanda Sanimela Road Upgrading Project, Shivalaya Rural Municipality-8,9 | दिपसुन्दर/हिलवेज जे.भि. वीरेन्द्रनगर, सुर्खेत |
| ६. | Construction of Chiuduwa Kalyana Hudai Chinekamda Road Upgrading Project, Shivalaya Rural Municipality-5,6,7 (Contract ID: SRM/NCB/WORKS/080/081-02) | दिपसुन्दर/हिलवेज जे.भि. वीरेन्द्रनगर, सुर्खेत |

प्रमुख प्रशासकीय अधिकृत


**ZERO COST RECRUITMENT FOR MALAYSIA**
**मलेसियामा शुन्य लागतमा रोजगार**
Free Visa, Free Ticket, Free Service Charge, Free Medical,Free Insurance, Free Welfare Fund, Free Orientation, फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिसचार्ज, फ्रि मेडिकल, फ्रि बिमा, फ्रि कल्याणकारी कोष, र फ्रि अभिमुखिकरण

Company Name : QL Fishmeal Sdn. Bhd. रोजगारदाता कम्पनी : क्यूएल फिसमिल एस.डि.एन. बि.एच.डि.
पूर्व स्वीकृती मितिः २०८२/१२/०१ चलानी नं. ६०२५३४४८ LT No. : 340006
Pre-approval Date: 2026/3/15 Dispatch No.: 60253448 LT. No. 340006

| S.N. क्र.स. | Category कामदारको पद | QTY. माग संख्या पुरुष (Male) | महिला (Female) | Qualification योग्यता | Salary मासिक तलब RM | NRS. | Working Hrs./Day प्रतिदिन काम गर्ने घण्टा | Overtime ओभर टाइम | Working days /week हप्तामा काम गर्ने दिन | Yearly Holidays/Over Time Facility बार्षिक बिदा/ओभर टाइम सुविधा | Food खाना सुविधा | Acco-modation बस्ने सुविधा | Contract Period करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/ Factory Worker | 7 | 0 | Experienced in the related field. | 1700 | 63,760 l- | 8 hours per day | as per company rule | 6 days a week | as per company rule | No | Provided by company | 2 years |
| १. | जनरल कामदार/ फ्याक्टरी कामदार | ७ | 0 | सम्बन्धित काममा दक्ष | १७०० | ६३,७६०।- | प्रति दिन ८ घण्टा | क. नि. अनुसार | ६ दिन | क. नि. अनुसार | छैन | रोजगारदाता कम्पनीले दिनेछ | २ वर्ष |

QL Fishmeal Sdn. Bhd. does not impose any Recruitment /Placement Fee for this Employment. क्यूएल फिसमिल एस.डि.एन. बि.एच.डि. मलेसियाले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।

| Pre-Medical Expenses In Nepal (स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Medical Expenses In Malaysia (बिदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Nepal (स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Malaysia (रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने) | Ticket Expenses (हवाई टिकट कसले दिने र कति लाग्ने) | Visa Expenses (भिषा शुल्क कसले दिने र कति लाग्ने) | Welfare Fund (कल्याणकारी कोष) | Orientation Charge (अभिमुखीकरण शुल्क) | Social Security Fund सामाजिक सुरक्षा कोष | Recruitment Agency Service Charge (सेवा शुल्क) |
|---|---|---|---|---|---|---|---|---|---|
| By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (हुने, रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (नि:शूल्क रोजगारदाता कम्पनीले) | | Npr. 1500 By Company (रोजगारदाता कम्पनीले) | Npr. 2100 By Company (रोजगारदाता कम्पनीले) | Npr. 2596 By Company (रोजगारदाता कम्पनीले) | Provide By Company (रोजगारदाता कम्पनीले दिने) |

Note - नोट :

1. Applicant's age should above 18 years old and for age verification candidate's must show their passport along with citizenship/Voter ID/License or Any government issued identity card. (आवेदकको उमेर १८ वर्ष भन्दा माथि हुनुपर्दछ र उमेर प्रमाणीकरणका लागि उम्मेदवारले नागरिकता, मतदाता, परिचयपत्र, लाइसेन्स वा कुनै पनि सरकारले जारी गरेको परिचय पत्रको साथ आफ्नो राहदानी देखाउनुपर्छ ।)
2. Applicants are requested to submit their application/CV's directly to office or email us at dnmanpower1@gmail.com without using any subagents. Applicant's (Family) Members/Relatives/Friends) are not required to make any payments for this Employment. (आवेदकहरूलाई कुनै मध्यस्थकर्ताहरू प्रयोग नगरी आफ्नो आवेदनरपत्र सिधै कार्यालयमा पेश गर्न वा हामीलाई dnmanpower1@gmail.com मा इमेल गर्न अनुरोध गरिन्छ । आवेदकका (परिवार) सदस्यहरू, आफन्तहरू, साथीहरू) यस रोजगारीको लागि कुनै पनि भुक्तानी गर्न आवश्यक छैन ।)
3. No One is allowed to take or give any gifts or bribes from supplier and customers. (कसैले पनि आपूर्तिकर्ता र ग्राहकहरुबाट कुनै उपहार वा घूस लिन वा दिन अनुमति छैन ।)
4. The hiring and recruiting of the candidates are to be done through free and fair competition with no false claim by us. (उम्मेदवारहरूको भर्ना र भर्ती हाम्रो तर्फबाट कुनै झुटो दाबी बिना स्वतन्त्र र निष्पक्ष प्रतिष्पर्धा मार्फत गरिनेछ ।)
5. We shall not used forced or child labor whether in the form of prison labor, indentured labor, slavery, human trafficking and bonded labor in recruitment. (हामीले जबरजस्ती वा बाल श्रमलाई कारागार श्रम, भाडामा लगाइएको श्रम, दासत्व, मानव बेचबिखन र भर्तीमा बन्धक श्रमको रूपमा प्रयोग गर्ने छैनौं ।)
6. All the candidates have rights to enter into and terminate their regular employment freely with reasonable notice with no penalty. (सबै उम्मेदवारहरूलाई कुनै जरिवाना बिना उचित सूचनाको साथ स्वतन्त्र रूपमा आफ्नो नियमित रोजगारीमा प्रवेश गर्ने र समाप्त गर्ने अधिकार छ ।)
7. Applicants only who are selected in Pre-Interview will be eligible for final Interview. (पूर्व-अन्तर्वार्तामा छनोट भएका आवेदकहरू मात्र अन्तिम अन्तर्वार्ताका लागि योग्य हुनेछन ।)
8. We ensure that no worker is required to pay force deposit, bond, and deductions from wages to cover recruitment fees. (हामी सुनिश्चित गर्छौं कि कुनै पनि कामदारले भर्ती शुल्कहरू कभर गर्नको लागि जबरजस्ती जम्मा, बन्ड, र ज्यालाबाट कटौतीहरू तिर्न आवश्यक छैन ।)
9. All the recruitment expenses from hometown to Malaysia will be borne by the company (गृहनगर देखि मलेसिया सम्मको सबै भर्ती खर्च कम्पनीले वहन गर्नेछ ।)
10. CVS are subjectively collected for recruitment purpose only. (CVS व्यक्तिगत रूपमा भर्ती उद्देश्यको लागि मात्र संकलन गरिन्छ ।)

**Pre-Interview will be held on 23 March, 2026 in Own Office, Basundhara.**
**प्रि-अन्तरवार्ता २०८२ चैत्र ९ गते यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**
**Final Interview will be held on 24 March, 2026 by Company Representative in Own Office, Basundhara, Kathmandu.**
**फाइनल अन्तरवार्ता २०८२ चैत्र १० गते यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**

वैदेशिक रोजगारकमा जाने कामदारहरुबाट डि.एन म्यानपावरले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । D.N. Manpower Pvt. Ltd. is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any fees of form.

**Information by Department of foreign employment:** 1. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 2. As mentioned in this advertisement (information) there is no cost for any procedures so please do not pay anyone. 3. Please take orientation class compulsory before the departure. 4. Please do the sign on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 5. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 6. If you want to know more about this advertisement then you can please contact nepal labour & employment department in Tahachal.

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस बिज्ञापन (सूचना) मा उल्लेख भए अनुसार कुनै खर्च नलाग्ने हुँदा कहिकतै कोहि कसैलाई रकम नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**D.N. Manpower Pvt. Ltd.**
Tokha - 05, Basundhara, Kathmandu,
Tel:- 01 - 4964311, 4986411 Email : dnmanpower@gmail.com
Licence No. 1184 /073 /074

# एलपी ग्यास बचतको उपयुक्त विकल्प गोड्रेज माइक्रोवेभ ओभन

मिसन संवाददाता
*काठमाडौँ, २ चैत*

नेपाली इलेक्ट्रोनिक्स ब्रान्ड सीजी इलेक्ट्रोनिक्सले नेपालीमा भान्सामा खाना पकाउने एलपी ग्यास बचत गर्ने विकल्पका रूपमा माइक्रोवेभ ओभन प्रभावकारी साबित भइरहेको दाबी गरेको छ। पछिल्लो समय पश्चिम एसियामा उत्पन्न भूराजनीतिक तनावका कारण ऊर्जा क्षेत्रमा देखा परेको संकटमा यसको उपयोगिता झन् बढेको कम्पनीको भनाइ छ।




कम्पनीका अनुसार माइक्रोवेभ प्रविधिबाट खाना छिटो पकाउन सकिने भएकाले नास्ता, स्न्याक्स, बेकिङ तथा विभिन्न परिकार तयार गर्न ग्यासको प्रयोग घटाउन सहयोग पुग्छ। ललितपुरमा बस्ने र एक निजी बैंकमा कार्यरत स्मिता अधिकारीका लागि माइक्रोवेभ ओभन अहिले दैनिक भान्साको महत्वपूर्ण हिस्सा बनेको छ। व्यस्त कामकाजी जीवनशैलीका कारण बिहान-बेलुका धेरै समय भान्सामा खर्च गर्न गाह्रो हुने उनी बताउँछिन्।

'अफिस जानुअघि छिटो नास्ता बनाउनुपर्छ। बेलुका घर फर्किएपछि पनि धेरै समय हुँदैन,' उनी भन्छिन्, 'माइक्रोवेभ ओभन भएपछि खाना, बेक्ड डिश, स्न्याक्स वा अन्य परिकार छिटो पकाउन सकिन्छ। यसले समय बचत गर्नुका साथै ग्यासको प्रयोग पनि धेरै घटाएको छ।'

उनका अनुसार अहिले घरमा दैनिक पकाइने धेरै परिकार माइक्रोवेभमै तयार हुने भएकाले ग्यासको प्रयोग पहिलेको तुलनामा निकै कम भएको छ। माइक्रोवेभ ओभनमा दाल, भात जस्ता दैनिक नेपाली परिकार पकाउनदेखि लिएर तरकारी, स्न्याक्स, बेकिङ तथा विभिन्न नयाँ परिकारसमेत सजिलै तयार गर्न सकिन्छ। नेपालमा गोड्रेज माइक्रोवेभ ओभन विभिन्न मोडेल र क्षमतामा उपलब्ध छन्। सोलो, ग्रिल र कन्भेक्सन जस्ता विकल्पमा उपलब्ध यी माइक्रोवेभहरू २० लिटर, २३ लिटर र २८ लिटर क्षमतामा पाइन्छन्।

इन्स्टाकुक रेसिपी मेनु, मल्टी-डिस्ट्रिब्युसन हिटिङ सिस्टम, अटो कुकिङ मेनु, डुअल ग्रिल टेक्नोलोजी तथा डिफ्रस्ट फंक्सन जस्ता सुविधाले प्रयोगकर्तालाई विभिन्न परिकार सजिलै पकाउन सहयोग गर्छ। केही मोडेलहरूमा हेल्दी एयर फ्राई प्रविधिसमेत उपलब्ध छ, जसले कम तेल प्रयोग गरेर स्वस्थकर खाना तयार गर्न मद्दत गर्दछ।

## पेट्रोल र डिजेलको मूल्यमा वृद्धि

**काठमाडौँ।** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य वृद्धि तथा आपूर्ति व्यवस्थापनको दबाबलाई कारण देखाउँदै नेपाल आयल निगमले पेट्रोल, डिजेल तथा मट्टीतेलको खुद्रा बिक्री मूल्य वृद्धि गरेको हो। निगमका अनुसार इन्डियन आयल कर्पोरेशनबाट पेट्रोलमा प्रतिलिटर ३१ रूपैयाँ, डिजेलमा ५४ रूपैयाँ एलपी ग्यासमा प्रतिसिलिण्डर २१६ पैसाले बढेर आएको छ। नयाँ मूल्यअनुसार पेट्रोल प्रतिलिटर १५ रूपैयाँ, डिजेल/मट्टितेल प्रतिलिटर १० रूपैयाँले बढाइएको छ। एलपी ग्यासको खरिद मूल्य बढे पनि उपभोक्ताको हितलाई ध्यानमा राख्दै ग्यासको खुद्रा बिक्री मूल्य यथावत राखिएको निगमले जनाएको छ।

निगमका अनुसार डिपो वा कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलको नयाँ मूल्य पहिलो वर्गमा प्रतिलिटर १६९ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १७१ रूपैयाँ र तेस्रो वर्गमा १७२ रूपैयाँ कायम गरिएको छ। यस्तै, डिजेल/मट्टितेलको मूल्य क्रमशः १४९ रूपैयाँ ५० पैसा, १५१ रूपैयाँ ५० पैसा र १५२ रूपैयाँ प्रतिलिटर तोकिएको छ।

## नेप्से परिसूचक २६ अंकले घट्यो




**काठमाडौँ।** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ। सोमबार नेप्से परिसूचक २६ दशमलव ०७ अंकले घटेर दुई हजार ७९८ दशमलव ८३ को बिन्दुमा कायम भएको हो। यो शून्य दशमलव ९२ प्रतिशतको गिरावट हो।

सोमबार ३४५ कम्पनीको तीन करोड सात लाख ९० हजार २११ कित्ता सेयर एक लाख दुई हजार ७५९ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ९७ करोड ४६ लाख ९६ हजार ८८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

सोमबारको कारोबारमा उत्पादन तथा प्रशोधन समूहको उपसूचक शून्य दशमलव २५ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। बैंकिङ एक दशमलव ६१, विकास बैंक शून्य दशमलव ८४, वित्त शून्य दशमलव ७१, होटल तथा पर्यटन शून्य दशमलव २६, जलविद्युत् शून्य दशमलव ६१, लगानी एक दशमलव ५२ र जीवन बीमा समूह शून्य दशमलव ९४ प्रतिशतले घटेको छ।

लघुवित्त शून्य दशमलव ९५, म्युचुअल फन्ड शून्य दशमलव ४६, निर्जीवन बीमा शून्य दशमलव ४५, व्यापार एक दशमलव ०९ र अन्य समूह एक दशमलव ०९ प्रतिशतले घटेको छ। सलपा विकास बैंक लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड र सोलु हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सोमबार सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने सिद्धार्थ इक्विटी फन्डको सेयर मूल्य चार दशमलव ३९ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडका रु ६८ करोड ७७ लाख २४ हजार ७६१ बराबरको कारोबार भएको छ। कारोबार भएका सेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको २२ लाख ७२ हजार २४५ कित्ता सेयर किनबेच भएको नेप्सेले जनाएको छ।


### भूमिसुधार तथा मालपोत कार्यालय
नेपालगन्ज, बाँके

**रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति-२०८२।१२।०३**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयवाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र. सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | भारत थारु | बाँके | फत्तेपुर | ८ज | २१ | ०-१८-० | - | - | - | - |
| | | | | | ३६ | ०-१-५ | - | - | - | - |
| | | | | ७च | ४४ | ०-१-३ | - | - | - | - |
| | | | | | १८६ | ०-६-२ | - | - | - | - |
| | | | | | २४१ | ०-१-१ | - | - | - | - |
| | | | | ७झ | १२१ | ०-१०-० | - | - | - | - |
| | | | | ७छ | २८४ | ०-१०-० | - | - | - | - |
| २. | खसीराम थारु | बाँके | फत्तेपुर | ७छ | ३३ | ०-७-१ | - | - | - | - |
| | | | | ७झ | ३६ | ०-९-१३ | - | - | - | - |
| | | | | ७झ | ३८ | ०-३-१.५ | - | - | - | - |
| | | | | ७ञ | ६२ | १०-४-१५ | - | - | - | - |
| ३. | कलम प्रसाद थारु | बाँके | फत्तेपुर | ७ट | ५३ | ०-३-१० | - | - | - | - |
| | | | | ७झ | २२१ | ०-७-० | - | - | - | - |
| | | | | ७छ | १६५ | ०-९-० | - | - | - | - |
| ४. | दासु राम थारु | बाँके | फत्तेपुर | ७छ | १५० | ०-७-० | - | - | - | - |



### भूमिसुधार तथा मालपोत कार्यालय
नेपालगन्ज, बाँके

**रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति-२०८२।१२।०३**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयवाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र. सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | मेघनाथ कुर्मी | बाँके | गनापुर | ९ख | १४१ | ०-०-९ | ९ | ०३५११७२ | ३९ | २१० |
| | | बाँके | गनापुर | ९ख | ११५ | ०-११-७ | ९ | ०३५११७२ | १६/४९० | २९७०.६८ |
| २. | मेघनाथ कुर्मी | बाँके | मनिकापुर | ८क | ६४१ | ०-११-२ | ८ | ०३५१२९२ | २०५ | ३५६० |
| | | | | | | | ८ | ०३५१२९२ | २१३ | १०० |
| | | | | | | | ८ | ०३५१२९२ | २१५ | १५० |
| | | बाँके | मनिकापुर | ८क | ४६२ | ०-१-१४.५ | ८ | ०३५१२९२ | ११८ | ५२५ |



## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१२/०३ गतेको मिसन टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय सुर्खेतबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : डि.सी. किराना स्टोर**<br>उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश, बिरेन्द्रनगर, सुर्खेत<br>रजिष्ट्रेशन नं. ९१८/०६५/६६, दर्ता मिति : २०६५/१२/२३, पान नं. ३०३६७४७६८, दर्ता मिति : २०६६/०४/२८<br>ठेगाना : सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. ९, **प्रोप्राइटर : जय बहादुर डाङ्गी** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : जय बहादुर डाङ्गी**<br>ना.प्र.नं. १९४२५, जि.प्र.का. सुर्खेत<br>जारी मिति : २०५०/०४/२७<br>बाबुको नाम : नोख बहादुर डाङ्गी<br>बाजेको नाम : भागीलाल डाङ्गी<br>ठेगाना : सुर्खेत जिल्ला, धारापानी वडा नं. १<br>हाल : सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. ९ |
| | **२. नाम : नोख बहादुर डाङ्गी**<br>ना.प्र.नं. ५१२५, जि.प्र.का. सुर्खेत<br>जारी मिति : २०४२/०२/०७<br>बाबुको नाम : भागीलाल डाङ्गी<br>बाजेको नाम : करबिर डाङ्गी<br>ठेगाना : सुर्खेत जिल्ला, सहारे वडा नं. ४<br>हाल : सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. ९ |
| | **३. नाम : मैसरा डाङ्गी**<br>ना.प्र.नं. ६४३०४७/६४, जि.प्र.का. सुर्खेत, जारी मिति : २०६३/११/२०<br>ससुराको नाम : नोख बहादुर डाङ्गी, पतिको नाम : जय बहादुर डाङ्गी<br>ठेगाना : सुर्खेत जिल्ला, मालारानी वडा नं. ९, हाल : सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. ९ |
| | **धितोको विवरण** |
| | १. नोख बहादुर डाङ्गीको नाममा मालपोत कार्यालय मेहलकुना, सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, मालारानी वडा नं. २ ख स्थित कित्ता नं. ११० र १५९ को क्षेत्रफल क्रमशः १२७.१८ र ४४५.१५ (ब.मि.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. जय बहादुर डाङ्गीको नाममा मालपोत कार्यालय मेहलकुना, सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, कोटमाझखर्क वडा नं. ६ ङ स्थित कित्ता नं. ६२१ र ७६६ को क्षेत्रफल क्रमशः २५४.३७ र ५६८.३६ (ब.मि.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सुर्खेत, फोन नं. ०८३-५२१७९४
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



### Dullu Municipality
## Office of Municipal Executive
Dullu, Dailekh
Karnali Province, Nepal

**INVITATION FOR E-BIDS**

**First Date of Publication: 03/17/2026**

Dullu Municipality Office invites only Electronic bids from Nepalese eligible bidders for the Following Works under NCB procedures.. Bidder have only option to submit their bid electronically & Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically.

**Name of the Bank:** Rastriya Banijjya Bank, **Office Code No. :** 66-365-08

**Rajaswa Khata No.:** 4340100301010002 **Dharauti Khata No:** 4340100303000002

Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon before **12:00 Noon of 04/16/2026.** Bids received after this deadline will be rejected.

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.

| S.N. | Contract No | Work Description/ Name of Project | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | WORKS/NCB/ DM/32/2082/083 | Construction of Pakki PlasticTunnel Dullu Municipality | 6728198.00 | 200000 | 3000 | 120 days |

**Chief Administrative Officer**



**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**स्थानीय पूर्वाधार विकास विभाग**
### स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
**हेटौंडा, मकवानपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०८२/१२/०३)

यस कार्यालयबाट मिति २०८२/१०/०६ गतेको राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित IFB No: LIDPO/Htd/IFB/Works/01/082-83, Construction/ Upgrading of Road Projects (40 Contract Packages) within Bagmati Province अन्तर्गत package हरूको पुनःबोलपत्र आह्वान गरिएको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिलका बोलपत्रदाताहरूले पेश गरको बोलपत्र सारभूतरूपमा प्रभावग्राही तथा न्यूनतम मूल्याङ्कित समेत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धि सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि.नं. | ठेक्का नं | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (Vat र PS. सहित) |
|---|---|---|---|
| 1 | LIDPO/Htd/W/Re-NCB/082-83/05 | M/S MAHAKALI-GAURI GANESH-SAMBHAV J.V, Petku, Sindupalchowk | 2,61,49,828.44 |
| 2 | LIDPO/Htd/W/NCB/082-83/08 | M/S Ba.Su-BBCSPL JV, Likhu-1 | 2,23,82,865.46 |
| 3 | LIDPO/Htd/W/NCB/082-83/10 | M/s UN RG JV, Neelakantha, Dhading | 2,40,39,880.78 |
| 4 | LIDPO/Htd/W/Re-NCB/082-83/11 | M/s RURU CONSTRUCTION PVT. LTD., Kathmandu | 2,22,96,514.12 |
| 5 | LIDPO/Htd/W/NCB/082-83/32 | M/s Jaya Jyoti Nirman Sewa Pvt.Ltd ,Bidur-08, Nuwakot | 2,35,11,150.5 |

**आयोजना प्रमुख**

# युनाइटेड भिजन क्रिकेट क्लबलाई कोहलपुर प्राइड लिगको उपाधि

मिसन संवाददाता
*कोहलपुर, २ चैत*




'क्याम्पा' कोहलपुर प्राइड लिग (केपीएल) राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको उपाधि युनाइटेड भिजन क्रिकेट क्लबले उचालेको छ। सोमबार भएको फाइनल खेलमा न्यू होराइजन स्पोर्टस् क्लबलाई सुपरओभरमा हराउँदै युनाइटेड भिजन क्रिकेट क्लबले लिगको उचालेको हो।

कोहलपुरस्थित प्रस्तावित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको खेलमा न्यू होराइजन स्पोर्टस् क्लबले टस जितेर पहिला बलिङ रोजेको थियो। पहिला ब्याटिङको निम्तो पाएको युनाइटेड भिजन क्रिकेट क्लबले निर्धारित २० ओभरमा अलआउट हुँदै १ सय ३६ रन बनाएको थियो।

युनाइटेड भिजनका लागि दिपेन्द्रसिंह ऐरीले ४२ बलमा सर्वाधिक ६९ रन बनाएका थिए। यस्तै विपिन शाहीले २४ बलमा १८ रन र अर्जुन साउदले १५ बलमा १६ रन बनाएका थिए। अन्य ब्याटहरूले भने दोहोरो अंक जोड्न सकेनन्।

बलिङतर्फ न्यू होराइजनका लागि प्रेम गुप्ताले ४ ओभरमा ११ रन मात्रै खर्चेर सर्वाधिक ५ विकेट लिए। यस्तै निश्चल ज्ञवालीले २ विकेट लिए भने प्रिन्स पाल, मोहम्मद हुसेन र अमर मिश्रले १/१ विकेट लिएका थिए।

युनाइटेड भिजन क्रिकेट क्लबले दिएको १ सय ३७ रनको लक्ष्य पछ्याएको न्यू होराइजनले १९.३ ओभरमा १ सय ३६ रन बनाउँदै अलआउट हुँदा खेल सुपरओभरमा पुग्यो। टिमका लागि मोहम्ममद हुसेनले १२ बलमा २९ रन र अमर मिश्रले २६ बलमा सर्वाधिक २९ रन बनाएका थिए।

सुपरओभरमा पहिला ब्याटिङ गरेको न्यू होराइजन स्पोर्टस क्लबले निर्धारित १ ओभरमा दुई विकेट गुमाउँदै ६ रन बनायो। टिमका लागि अमर मिश्रले ३ रन बनाए भने सन्दिप मौर्याले एक रन बनाएर आउट भए।

न्यू होराइजनले दिएको ७ रनको लक्ष्य पछ्याएको युनाइटेड भिजन क्रिकेट क्लबले ०.४ ओभरमा ७ रन बनाउँदै सहज १० विकेटको जित हासिल गरेको हो। टिमका लागि दिपेन्द्रसिंह ऐरीले ३ रन र आदिल आलमले अविजित २ रन बनाएर उपाधि चुमाएका हुन्। योसँगै उपाधि विजेता युभिसिसिले नगद ४ लाख र उपविजेता न्यू होराइजनले नगद २ लाख पुरस्कार प्राप्त गरेको छ।

प्रतियोगितामा न्यू होराइजन स्पोर्टस क्लबका अमर मिश्र १ सय ६५ रन र ६ विकट लिँदै उत्कृष्ट खेलाडी घोषित भए। उनले बिबि साइकल स्टोरको तर्फबाट साइकल र नगद १० हजार रूपैयाँ पुरस्कार प्राप्त गरेका हुन्।

यस्तै न्यू होराइजनका आरिफ खान भने १ सय ७१ रन बनाउँदै उत्कृष्ट ब्याटर बने भने युभिसिसिका सन्तोष यादवले ८ विकट लिँदै उत्कृष्ट बलरका रूपमा घोषित भए। उनीहरू दुवै जनाले नगद १० हजार पुरस्कार प्राप्त गरेका हुन्।

# एन्फा गेट अगाडि क्लबहरूको नाराबाजी



मिसन संवाददाता
*काठमाडौँ, २ चैत*

अखिल नेपाल फुटबल संघ (एन्फा)ले हालै सार्वजनिक गरेको सहिद स्मारक 'ए' डिभिजन लिगको कार्यतालिकाप्रति असन्तुष्टि जनाउँदै विभिन्न क्लब र समर्थकहरूले सोमबार एन्फा गेट अगाडि विरोध प्रदर्शन गरेका छन्।

एन्फाले चैत ३० गतेदेखि सहिद स्मारक 'ए' डिभिजन लिग गर्ने तयारी गरेको छ। नेपाल फुटबल खेलाडी संघसँगको वार्तामा लिग चैत ३० गतेदेखि गर्ने सहमति भएको थियो। त्यहिअनुरूप एन्फाले क्लबहरूलाई पत्राचार गरेको थियो।

तर, क्लबहरूले यो सहमतिलाई एकलौटी भन्दै विरोध जनाएका हुन्। यसैबीच, क्लबहरूले पत्रकार सम्मेलन गर्दै विभिन्न माग अघि सारेका छन्।जसमा एन्फा र 'ए' डिभिजन क्लबबीच लिगको सम्बन्धमा मिति ञ२०८२-०७-१७ गते भएको कार्यतालिकासहितको सहमति कार्यान्वयन गर्नुपर्ने, राष्ट्रिय लिग चालु रहिरहेको अवस्थामा ट्रान्सफर विन्डो खुल्ला नगरि कसरी अर्को क्लबमा खेलाडी सम्झौता गर्न सकिन्छ ?

तसर्थ क्लबको सम्झौताअनुसार कार्य गर्नुपर्ने, विदेशी खेलाडीहरूको हकमा विन्डो खुला गरी एकद्वार प्रणालीबाट परमिट लिने व्यवस्था अविलम्ब गर्नुपर्ने माग राखेका छन्।

यस्तै, एन्फाले समयमै निर्णय गरि १४ वटा क्लबको सहभागिता सुनिश्चितता गर्नुपर्ने, लिगसम्बन्धी प्राविधिक तथा आर्थिक पक्ष सबै सुनिश्चितता गरि क्लबसँगको सहमतिमा मात्र लिगको मिति तय गर्नुपर्ने माग पनि राखेका छन्।

# मध्यपूर्वमा जारी युद्धका कारण रद्द भयो 'फाइनलिसिमा'



मिसन संवाददाता
*काठमाडौँ, २ चैत*

युरोपियन च्याम्पियन स्पेन र कोपा अमेरिका विजेता अर्जेन्टिनाबीच हुने तय भएको प्रतिष्ठित 'फाइनलिसिमा' फुटबल खेल मध्यपूर्वमा जारी युद्धका कारण रद्द गरिएको छ।

आगामी २६ मार्चमा कतारमा आयोजना गर्ने योजना बनाइएको खेल क्षेत्रीय राजनीतिक परिस्थितिका कारण कतारमा खेल आयोजना गर्न सम्भव नभएको युएफाले जनाएको छ।

युएफाले जारी गरेको वक्तव्यमा भनिएको छ, 'क्षेत्रको वर्तमान राजनीतिक अवस्थाका कारण कतारमा योजनाअनुसार फाइनलिसिमा आयोजना गर्न सम्भव भएन। अन्य सम्भावित विकल्पहरू पनि खोजियो तर अन्ततः ती सबै अर्जेन्टाइन फुटबल संघलाई स्वीकार्य भएनन्।'

दक्षिण अमेरिकी फुटबल महासंघ (कोनमेबोल) र अर्जेन्टाइन फुटबल संघ (एएफए)ले संयुक्त विज्ञप्ति जारी गर्दै ३१ मार्चमा खेलाउने वैकल्पिक मिति प्रस्ताव गरिएको जानकारी दिएका छन्। तर यो मिति पनि स्वीकृत नभएपछि खेल अन्ततः रद्द गरिएको हो। विज्ञप्तिअनुसार, एएफएले २७ मार्चमा इटालीमा तटस्थ मैदानमा खेल आयोजना गर्ने प्रस्ताव प्राप्त गरेको थियो।

अर्जेन्टिनाले त्यसमा सहमति जनाएको भए पनि मिति परिवर्तन गरी ३१ मार्च गर्न सुझाव दिएको थियो। तर, युरोपेली फुटबल महासंघ (युएफा)ले मूल प्रस्तावभन्दा चार दिन ढिला गरी खेल आयोजना गर्न सम्भव नभएको बताउँदै खेल रद्द गर्ने निर्णय गरेको हो।

युएफाकाअनुसार अर्जेन्टिनाले विश्वकपपछि खेल आयोजना गर्ने अर्को प्रस्ताव पनि दिएको थियो। तर स्पेनको तालिकामा खाली मिति नभएकाले त्यो विकल्प पनि सम्भव भएन।

स्पेनी फुटबल संघले भने खेल आयोजना गर्न आफूहरूले 'गम्भीर प्रयास' गरेको जनाएको छ। संघले स्पेनमै वा तटस्थ मैदानमा जुनसुकै स्वरूपमा खेलाउन तयार रहेको बताएको थियो। चार वर्षमा एक पटक आयोजना हुने फाइनलिसिमा प्रतियोगिता युएफा र कोनमेबोलको संयुक्त आयोजनामा हुनेगर्छ। यसको पछिल्लो संस्करण २०२२ मा लन्डनको वेम्बली रंगशालामा भएको थियो, जसमा अर्जेन्टिनाले उपाधि जितेको थियो।

# पाकिस्तानविरुद्ध बंगलादेशको ऐतिहासिक सिरिज जित

मिसन संवाददाता
*काठमाडौँ, २ चैत*

मिरपुरमा खेलिएको निर्णायक एकदिवसीय खेलमा घरेलु टोली बंगलादेशले पाकिस्तानलाई रोमाञ्चक ढंगले पराजित गर्दै शृंखला आफ्नो नाममा गरेको छ। बंगलादेशका तन्जिद हसनको १०७ रन र तास्किन अहमदको ४ विकेटको अगाडि पाकिस्तानका सलमान आगाको १०६ रनको उत्कृष्ट इनिङ्स पनि बेकार साबित भयो। यो जितसँगै बंगलादेशले ११ वर्षपछि पाकिस्तानविरुद्धको एकदिवसीय शृंखला जित्न सफल भएको छ।

पहिले ब्याटिङ गरेको बंगलादेशले २९० रन बनायो। बंगलादेशका लागि




ओपनर तन्जिद हसनले १०७ रनको सानदार शतकीय इनिङ्स खेले। यो उनको पहिलो एकदिवसीय शतक हो। उनले सैफ हसनसँग मिलेर १०५ रनको ओपनिङ साझेदारी गरे। खेलको अन्तिम समयमा तौहिद हृदोयले ४८ रन जोडेपछि बंगलादेश बलियो स्थितिमा पुगेको थियो। पाकिस्तानका तर्फबाट ह्यारिस रउफले ३ विकेट लिए।

२९१ रनको लक्ष्य पछ्याएको पाकिस्तानको सुरुवात निकै खराब रह्यो। तास्किन अहमदले घातक बलिङ गर्दै सुरुवाती ब्याटरहरूलाई सस्तैमा आउट गरेपछि पाकिस्तान ६७ रनमा ४ विकेट गुमाएको नाजुक अवस्थामा पुग्यो।

संकटको बेला मैदान प्रवेश गरेका सलमान आगाले एकतर्फी रूपमा लडाइँ जारी राखे। उनले ९८ बलमा १०६ रन बनाउँदै पाकिस्तानलाई जितको नजिक पुर्‍याएका थिए। उनलाई साद मसूद र शाहिन शाह अफ्रिदीले साथ दिए पनि टोलीलाई जिताउन सकेनन्। आगा ४८औँ ओभरमा तास्किन अहमदको चौथो शिकार बनेर आउट भए।

अन्तिम ओभरमा पाकिस्तानलाई जितका लागि १४ रन चाहिएको थियो। बंगलादेशी बलर ऋषाद हुसेनले बलिङ गरेका थिए। सो ओभरमा क्याच छुट्नु, वाइड बलको रिभ्यु लिनु र ब्याटर रन आउट हुनबाट जोगिनु जस्ता नाटकीय दृश्यहरू देखिए।

अन्ततः अन्तिम बलमा शाहिन अफ्रिदी आउट भएसँगै बंगलादेश विजयी भयो। बंगलादेशका लागि तास्किन अहमद सबैभन्दा सफल बलर रहे, उनले ४ विकेट लिए। मुस्ताफिजुर रहमानले पनि ३ विकेट लिँदै पाकिस्तानको मध्यक्रम ध्वस्त पारे।


**विजयनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खुरहुरिया, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति:- २०८२/१२/०३**

यस विजयनगर गाँउपालिकाको मिति २०८२।१०।०७ (२०२६-०१-२१) र २०८२।१०।२५ (२०२६-०२-०८) मा प्रथम पटक प्रकाशित दरभाउपत्र सम्बन्धी सूचना अनुसार प्राप्त दरभाउपत्रहरू उपर आर्थिक तथा प्राविधिक मुल्याँकनबाट तपशिल बमोजिम **न्युनतम मूल्याक्तित सारभूत रूपमा प्रभावग्राही** देखिएकाले सार्बजनिक खरीद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | योजनाको नाम | कबोल अंक (पि.एस. र मु.अ.कर समेत) | सिफारिस गरिएको निर्माण व्यवसायी |
|---|---|---|---|
| 21/NCB/WORKS/BRM/2082-83 | Kapilvastu Jilla Bijayanagar Gaupalika wada no 4 Jagdishpur Chowk Dekhi Uttar Tarfa Madarasa Pokhari hudai Dagdawa Chhitaidihawa Hudai Mustafa Musalmanko Ghar samma Sadak Staronnati | रु. २४,४३,९४०।४४ | श्री शिवगढी एन.आई.पी.निर्माण सेवा, गोदावरी न.पा.-०८, ललितपुर |
| 23/NCB/WORKS/BRM/2082-83 | Ward no 6 R.T.O Khadaicha, Baddaur Hudai Chutpati Samma Sadak Storannati Tatha Kalopatre (PhaseII) | रु. ६६,६६,६६६।६६ | श्री श्याम एण्ड सन्स निर्माण सेवा, महाराजगंज-०६, कपिलवस्तु |

**प्रमुख प्रशासकीय अधिकृत**



**भूमिसुधार तथा मालपोत कार्यालय**
**नेपालगन्ज, बाँके**

**रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति-२०८२।१२।०३**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयवाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र. सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | फकिरे धोवी | बाँके | फत्तेपुर | ७ग | ९५७ | ०-७-५ | - | - | - | - |
| | | बाँके | फत्तेपुर | ३ | ६३९ | ०-६-९.२५ | | | | |
| | | बाँके | फत्तेपुर | ७ञ | १८६ | ०-१-११.२५ | | | | |
| | | बाँके | फत्तेपुर | ७ञ | १९१ | ०-४-१६.७५ | | | | |


**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादक:** बिनोद पौडेल। **कार्यकारी सम्पादक:** कृष्ण ओली। **कार्यालय:** कोहलपुर बाँके। नयाँ बानेश्वर, (मिलन चोक) काठमाडौँ। **फोन:** ९८५१३१९६६९, ९८५८०२३०६९
**इमेल:** missiontodaydaily@gmail.com। **विज्ञापनका लागि इमेल:** adv.marketingmission@gmail.com। **मुद्रण:** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)। नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. भक्तपुर।